# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) विराटनगर, नेपाल, जेठ २४ गते, २०८० साल (अतिरिक्ताङ्क ७

## भाग २

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## आर्थिक मामिला तथा योजना मन्त्रालयको सूचना

# प्रदेशस्तरीय आयोजना छनौट तथा वर्गीकरण सम्बन्धी कार्यविधि, २०८०

आन्तरिक मामिला तथा

लय, कोशी प्रदेश

<u>प्रस्तावनाः</u> प्रदेश सरकारले सञ्चालन गर्ने विकास तथा अन्य आयोजनाहरुलाई वर्गीकरण र प्राथमिकीकरण गरी उचित आयोजना छनौट तथा वर्गीकरणको मापदण्ड निर्धारण गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "प्रदेशस्तरीय आयोजना छनौट तथा वर्गीकरण सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "आयोजना बैंक" भन्नाले आयोजना कार्यान्वयन गर्नुपूर्व आयोजना छनौट कार्यविधिका आधारमा आयोजनाको पहिचान, मूल्याङ्कन तथा विश्लेषण, छनौट र प्राथमिकीकरण प्रक्रियाद्वारा छनौट भएका र बजेट विनियोजनका लागि योग्य आयोजनाहरुको सूचीलाई सम्झनु पर्दछ। सो शब्दले प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट भएको आयोजना सूचीलाई समेत जनाउनेछ।

(ख) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनु पर्दछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ग) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्दछ।

(घ) "कार्यालय" भन्नाले आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने निकाय सम्झनु पर्दछ।

(ङ) "विषयगत मन्त्रालय" भन्नाले प्रदेश योजना छनौट तथा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी भएका प्रदेश सरकारका विषयगत मन्त्रालय वा अन्य निकाय सम्झनु पर्दछ।

(च) "आयोजना" भन्नाले प्रदेशको विकासको लागी कुनै विषय क्षेत्रमा निश्चित अवधि भित्र खास उद्देश्य र लक्ष्य प्राप्तिको लागि सञ्चालन गरिने आयोजना वा कार्यक्रमलाई सम्झनु पर्दछ।

(छ) "प्रदेश योजना आयोग" भन्नाले कोशी प्रदेश अन्तरगतको प्रदेश योजना आयोग सम्झनुपर्छ।

"प्रदेशस्तरीय आयोजना" भन्नाले प्रदेशको कार्यक्षेत्रमा पर्ने विषयसँग सम्बन्धित विकास आयोजना तथा कार्यक्रम सम्झनुपर्छ।

## परिच्छेद - २

## <u>आयोजनाको वर्गीकरण, प्राथमिकीकरण र छनौट</u>

३. **<u>आयोजना वर्गीकरणका आधारः</u>** आयोजना कार्यान्वयनबाट प्रदेश विकासका विविध क्षेत्र र पक्षमा पुग्ने योगदान र कायम गर्नुपर्ने सन्तुलन समेतको आकलन एवं मूल्यांकन गर्न आयोजनाको छनौट गर्नु अघि विषयगत क्षेत्र, विकासको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

आयाम, आवश्यकताको सिद्धान्त, समानुपातिक बाँडफाँड, लाभान्वित क्षेत्र र खर्चको स्रोत समेतका आधारमा **अनुसूची-१** मा उल्लेख भए बमोजिम आयोजनाको वर्गीकरण गर्नु पर्नेछ ।

४. आयोजनाको प्राथमिकीकरण: (१) प्रदेशस्तरीय आयोजना छनौट तथा प्राथमिकीकरण गर्नु अघि अनुसूची -२ बमोजिम विषयगत क्षेत्रको आधारमा विभाजन गर्नु पर्नेछ।

(२) आयोजना प्राथमिकीकरणका आधारहरु देहायबमोजिम हुनेछन्:

(अ) सामान्य आधार:

(क) प्रदेशको तीब्र, दीगो र रोजगारमूलक आर्थिक वृद्धिमा पुऱ्याउने योगदान,

(ख) दीगो विकासका लक्ष्यहरु हासिल गर्न पुऱ्याउने सहयोग,

(ग) सहभागिताको अवस्था,

(घ) क्षेत्रीय तथा सामाजिक समावेशीकरण र लैङ्गिक मूल प्रवाहीकरणमा पुऱ्याउने योगदान,

(ङ) आयोजनाको पूर्व कार्य सम्पादन तथा कार्यान्वयन गर्न लाग्ने समय,

(च) प्रदेशको अधिकारक्षेत्र तथा कार्य जिम्मेवारी

(छ) अपेक्षित लाभान्वित जनसंख्या।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(आ) <u>क्षेत्रगत आधारः</u>

(क) चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुप नतिजा प्राप्तिमा पुग्ने योगदान,

(ख) दीगो विकासका विषय क्षेत्रगत लक्ष्य प्राप्तिमा पुग्ने योगदान।

(३) आयोजनालाई छनौट गर्नुपूर्व सो आयोजनालाई सामान्य र क्षेत्रगत आधारमा अनुसूची-३ बमोजिम प्राथमिकीकरणका लागि मूल्याङ्कन गर्नु पर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमका आयोजनाको अनुसूची -४ अनुसार मूल्याङ्कन गर्दा ७५ वा सो भन्दा बढी अङ्क प्राप्त गर्नेलाई पहिलो प्राथमिकता (P1) र ७५ भन्दा कम अङ्क प्राप्त गर्नेलाई दोस्रो प्राथमिकता (P2) आयोजना कायम गर्नु पर्नेछ। आयोजनाको प्राथमिकीकरण गर्ने सम्बन्धमा अंक गणनाको नमुना फाराम अनुसूची-५ बमोजिमको हुनेछ।

(५) आयोजना बैंकमा समावेश भएको आयोजनालाई मध्यमकालीन खर्चसंरचनामा वा बजेट तथा कार्यक्रममा समावेश गर्नका लागि, एउटा खण्ड वा चरणको कार्य सम्पन्न भएपछि सोही आयोजना वा कार्यक्रमको अर्को खण्ड वा चरण सञ्चालन गर्नका लागि, बजेट विनियोजन भएतापनि कार्य प्रक्रिया अघि बढ्न नसकेका वा लामो समयसम्म कार्यान्वयन अवरुद्ध भएका अधुरा आयोजनाहरुलाई

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

सञ्चालन गर्नका लागि आयोजनाको पुनः प्राथमिककीकरण गर्न सकिनेछ। यसरी पुनः प्राथमिकीकरण गर्दा यस दफा बमोजिमको प्रक्रिया एवम् सूचकहरु अलम्बन गरिनेछ।

(६) यस दफा बमोजिम गरिएको प्राथमिककीकरण एवम् पुनःप्राथमिकीकरणका आधारमा आयोजना बैंक, मध्यमकालीन खर्च संरचना र बजेट तथा कार्यक्रममा समावेश गरिनेछ।

५. **आयोजना प्रस्ताव र विश्लेषणः** (१) सरोकारवालाले आयोजना वा कार्यक्रम माग गरी सम्बन्धित कार्यालयमा अनुसूची-६ बमोजिमको ढाँचामा र विषयगत मन्त्रालयले तोकेको अन्य विवरण समेत भरी स्थानीय तहको सिफारिस सहित आयोजना माग गर्न सक्नेछन्। स्थानीय तहले प्रदेशस्तरीय आयोजना वा कार्यक्रम माग गर्दा समेत अनुसूची-६ बमोजिमको ढाँचामा फारम भरी सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ। मातहत कार्यालय नहुनेको हकमा निर्देशनालय वा मन्त्रालयमा माग गर्न सकिनेछ।

(२) स्थानीय तह वा सरोकारवालाले माग गरेका आयोजना वा कार्यक्रम एवम् कार्यालयले आवश्यकता पहिचान गरेका आयोजनाहरुको विवरण सम्बन्धित कार्यालयले संकलन गर्नुपर्नेछ। मन्त्रालय वा निर्देशनालयमा माग भएका आयोजना वा कार्यक्रमको विवरण मन्त्रालय वा निर्देशनालयले जिल्लास्थित सम्बन्धित कार्यालयमा पठाउनुपर्नेछ। आयोजना/कार्यक्रम माग भएको विवरण

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची-७ बमोजिमको ढाँचामा कार्यालयले संकलन गरी पत्र वा कागजात सहित अभिलेख राख्नुपर्नेछ।

(३) कार्यालयमा माग संकलन भएका आयोजना मध्येबाट आयोजना बैंक वा बजेट तथा कार्यक्रममा समावेश गर्न सकिने आयोजना छनौट गर्नका लागि सम्बन्धित स्थानीय तह एवम् सरोकारवाला लाभग्राहीसँग छलफल, अन्तरक्रिया गर्न बैशाख पन्ध्र गतेभित्र आयोजना तर्जुमा गोष्ठी सञ्चालन गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको आयोजना तर्जुमा गोष्ठी सञ्चालन गर्न प्रदेश योजना आयोग वा आर्थिक मामिला तथा योजना मन्त्रालयले निर्धारण गरेको समयतालिका अनुसार जिल्लागत वा प्रदेश निर्वाचनक्षेत्रस्तरमा सबै कार्यालय र प्रदेशका विषयगत मन्त्रालयको संयुक्त रुपमा आयोजना तर्जुमा गोष्ठी सञ्चालन गर्न सकिनेछ। जिल्ला स्तरीय वा प्रदेश निर्वाचनक्षेत्रस्तरीय आयोजना तर्जुमा गोष्ठी सञ्चालन कार्यविधि **अनुसूची-८** बमोजिम हुनेछ।

(५) कार्यालयमा माग तथा संकलन भएका आयोजना वा कार्यक्रमहरुलाई र निर्माणाधीन आयोजना वा कार्यक्रमहरुको प्रगति अवस्था सहित कार्यालय प्रमुखले आयोजना तर्जुमा गोष्ठीमा पेश गर्नुपर्नेछ। माग भएका आयोजना वा कार्यक्रमहरु मध्येबाट आयोजना तर्जुमा गोष्ठीमा छलफल गरी यस कार्यविधिमा उल्लेखित

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

सूचकहरुका आधारमा उपयुक्त आयोजना वा कार्यक्रम छनौट गर्नुपर्नेछ। यसरी छनौट भएका आयोजनाको विवरण अनुसूची-९ बमोजिमको ढाँचामा विवरण तयार गरी सम्बन्धित कार्यालयमा, तालुक मन्त्रालयमा र प्रदेश योजना आयोगमा पठाउनु पर्नेछ।

(६) आयोजना तर्जुमा गोष्ठीबाट छनौट भएका आयोजना/कार्यक्रमलाई र आयोजना बैंकमा समावेश गरिने प्रदेशस्तरको आयोजनालाई कार्यालयले **अनुसूची-१०** बमोजिमको ढाँचामा आयोजना प्रस्ताव तयार गर्नुपर्नेछ। मातहत कार्यालयहरुले तयार गरेको आयोजना प्रस्ताव निर्देशनालयमा र निर्देशनालयले तयार गरेको आयोजना प्रस्ताव तालुक मन्त्रालयमा आयोजना विश्लेषण तथा मूल्याङ्कनको लागि पन्ध्र दिनभित्र पेश गर्नु पर्नेछ।

(७) कार्यालय वा निर्देशनालयबाट मन्त्रालयमा पेश भएका आयोजना वा कार्यक्रमलाई यस कार्यविधि बमोजिम र अनुसूची-११ मा उल्लिखित सूचकका आधारमा मन्त्रालयले विश्लेषण गर्नुपर्नेछ। आयोजनाको विश्लेषण एवम् मूल्याङ्कन गर्नको लागि विषयगत मन्त्रालयले समिति गठन गर्न सक्नेछ। यस्तो समितिमा प्रदेश योजना आयोगका प्रतिनिधिलाई समेत आमन्त्रण गर्नुपर्नेछ।

(८) विषयगत मन्त्रालयले आँफैले तयार गरेको तथा उपदफा (६) बमोजिम प्राप्त आयोजना प्रस्तावको विश्लेषण गरी आवधिक योजनाको लक्ष्य, उद्देश्य, सरकारको नीति

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

तथा कार्यक्रम अनुकुल भएका आयोजनाहरु आयोजना बैंकमा समावेश गर्नको लागि प्रदेश योजना आयोगमा पठाउनु पर्नेछ।

(९) विषयगत मन्त्रालयले उपदफा (८) बमोजिम आयोजना बैंकमा समावेश गर्नुपूर्व आयोजना विश्लेषण देहायका आधारमा गरेको हुनु पर्नेछः

(क) आयोजनाको आवश्यकता र औचित्यताको विश्लेषण,

(ख) आयोजनाको लागत-लाभ विश्लेषण,

(ग) आयोजनाको प्राविधिक विश्लेषण,

(घ) आयोजनाको वातावरणीय विश्लेषण,

(ङ) आयोजनाको कानुनी पक्षको विश्लेषण,

(च) आयोजनाको समानुपातिक विश्लेषण।

(१०) यस दफा बमोजिम आयोजना तर्जुमा गोष्ठीमा छलफल गर्ने, आयोजना प्रस्ताव र विश्लेषण गर्नका लागि प्रदेशस्तरीय आयोजना प्रस्ताव एवम् छनौट कार्यप्रक्रिया अनुसूची-१२ बमोजिम र आयोजना छनौटको आधार एवम् मापदण्ड अनुसूची-१३ बमोजिमको व्यवस्था पालना गर्नुपर्नेछ।

६. <u>आयोजना छनौटः</u> (१)आयोजनाबाट पुग्ने योगदानको यथार्थ र वस्तुगत सूचकको आधारमा मूल्याङ्कन गरी आयोजना बैंकमा एवम् बजेटमा समावेश गरिने आयोजनाको छनौट गर्ने जिम्मेवारी विषयगत मन्त्रालयको हुनेछ। जिल्लास्तरीय

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

आयोजना तर्जुमा गोष्ठीबाट छनौट भई सम्बन्धित कार्यालयबाट विवरण प्राप्त भएका र परियोजना बैंकमा समावेश भएका आयोजनालाई मात्र बजेटमा समावेश गर्नुपर्नेछ। सम्बन्धित मन्त्रालयबाट छनौट तथा स्वीकृत नभएका आयोजना वा कार्यक्रमलाई प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टि गरिने छैन।

(२) उपदफा (१) बमोजिम आयोजना छनौटको लागि आधार तथा सूचकको मूल्यांकन गर्न अनुसूची-३ बमोजिम फारमको प्रयोग गरी अति उतम, उत्तम, सामान्य र न्यून देखिएका आधार तथा सूचकका लागि छुट्टा छुट्टै अङ्क भार प्रदान गर्नु पर्नेछ।

(३) आयोजना छनौट गर्दा पहिलो प्राथमिकताका आयोजनालाई विशेष महत्व दिनु पर्नेछ।

(४) दोस्रो प्राथमिकतामा परेका आयोजना छनौट भई आएमा स्रोत सुनिश्चित गर्न मन्त्रालय बाध्य हुनेछैन।

(५) आयोजना वा कार्यक्रम छनौट गर्दा यस मापदण्डमा उल्लेख भएका अन्य विषयका अतिरिक्त देहायका पक्षलाई विशेष ध्यान दिनु पर्नेछः-

(क) जिल्लागत तथा स्थानीय तहगत समानता कायम गर्नु पर्नेछ। आयोजनाको छनौट गर्दा स्थानीय तहको नाम र वडा नम्बर समेत खुलाउनुपर्नेछ।

(ख) एकै प्रकृतिका आयोजनाहरुको लागि अन्तर-निकाय समन्वय गरेर मात्र आयोजना छनौट गर्नु पर्नेछ,

(ग) नयाँ आयोजना तयार गर्दा लागत तथा समयको दोहोरोपना हटाउन सोही स्थान, उद्देश्य र प्रयोजनमा संघीय सरकार र स्थानीय तहले बजेट विनियोजन गरे नगरेको एकीन गर्नु पर्नेछ,

(घ) नयाँ आयोजना स्वीकृत भए पश्चात अन्तर तह समन्वयको माध्यमबाट आयोजनाको दोहोरोपना नियन्त्रणको लागि संघको विषयगत मन्त्रालय र सम्बन्धित स्थानीय तहलाई जानकारी दिनु पर्नेछ,

(ङ) साधन, स्रोत, समय र क्षमताले धान्न सक्ने गरी उपयुक्त संख्यामा मात्र आयोजना छनौट गर्नु पर्नेछ,

(च) न्यून सञ्चालन खर्च र अधिक भौतिक उपलब्धी हुने आयोजनाहरु प्रस्ताव गर्नु पर्नेछ,

(छ) प्रदेश सरकारबाट बजेट विनियोजन भई भौतिक र वित्तीय प्रगति राम्रो रहेका आयोजनालाई निरन्तरता दिने गरी आयोजना प्रस्ताव गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ज) प्रस्तावित आयोजनाको आवश्यकताको पहिचान गरीसकेपछि सुरुमा लागत अनुमान तयार गरेर मात्र आयोजना बैंकमा समावेश गर्ने एवम् बजेट तथा कार्यक्रममा प्रस्ताव गर्नुपर्नेछ।

(झ) सार्वजनिक खरिद ऐन, नियम अनुसार समान अवसर र प्रतिस्पर्धाका आधारमा कार्यान्वयन गरिने गरी आयोजना वा कार्यक्रम छनौट गर्नुपर्नेछ। कार्यक्रम, गोष्ठी, तालिम, सचेतना कार्यक्रम सञ्चालन गरिने वा अनुदान प्रदान गरिने कार्यक्रम प्रस्ताव गर्दा कुनै संस्था, व्यक्ती वा व्यवसायीको नाम तोकेर कार्यक्रम प्रस्ताव वा छनौट गर्न पाइने छैन।

एउटै आयोजनामा प्रदेशका एक भन्दा बढी मन्त्रालय वा कार्यालयहरुबाट दोहोरो हुने गरी कार्यक्रम छनौट तथा बजेट विनियोजन गर्न पाइने छैन।

(६) प्रदेशले सञ्चालन गर्ने पूर्वाधार विकास आयोजनाको न्यूनतम एवम् अधिकतम लागत देहायको तालिकामा उल्लेख भए बमोजिम भएको हुनुपर्नेछः-

| सि.नं | क्षेत्र/उपक्षेत्र | आयोजनाको न्यूनतम लागत (रु.) | आयोजनाको अधिकतम लागत (रु.) |
|---|---|---|---|
| १. | सडक (प्रादेशिक लोकमार्ग) | १० करोड | ७५ करोड |

| | | | |
|---|---|---|---|
| | प्रदेशमा हस्तान्तरित तथा अन्य सडक | २ करोड | १० करोड |
| | सडक पुल (बढीमा १५० मीटरसम्मको) | २ करोड | ३० करोड |
| | झोलुङ्गेपुल | ५० लाख | १० करोड |
| २. | सिँचाई सतह (तराई) | १ करोड | ३० करोड |
| | सिँचाई सतह (पहाड) | ५० लाख | २० करोड |
| | सिँचाई भूमिगत | ५० लाख | २० करोड |
| | सिँचाई नयाँ प्रविधि | ५० लाख | ५ करोड |
| ३. | शिक्षा सम्बन्धी भौतिक पूर्वाधार | ५० लाख | ५० करोड |
| ४. | खेलकूद सम्बन्धी भौतिक पूर्वाधार | ५० लाख | ५ करोड |
| ५. | स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधार | ५० लाख | १ अर्ब |
| ६. | खानेपानी आयोजना | ५० लाख | ३० करोड |
| ७. | पर्यटन प्रवर्द्धन सम्बन्धी पूर्वाधार विकास | १ करोड | १० करोड |
| | धार्मिक, साँस्कृतिक क्षेत्रका पूर्वाधार | ५० लाख | २ करोड |
| ८. | कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी पूर्वाधार | ५० लाख | ३० करोड |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | |
|---|---|---|---|
| | (न्यूनतम २० प्रतिशत स्रोत साझेदारी संस्था/समुदायले व्यहोर्नु पर्ने) | | |
| ९. | सहरी क्षेत्रको सडक निर्माण | २ करोड | १० करोड |
| १०. | सहरी क्षेत्रको ढल तथा नाली निर्माण | ५० लाख | ५ करोड |
| ११. | प्रदेशको एकल अधिकार क्षेत्र भित्रका अन्य भौतिक पूर्वाधार | ५० लाख | १० करोड |

(७) प्रदेशले सञ्चालन गर्ने उपदफा (६) मा उल्लेखित पूर्वाधार विकास बाहेकका अन्य आयोजनाको न्यूनतम लागत रु.पचास लाख हुनु पर्नेछ। दीर्घकालीन महत्वका एवम् प्रदेश गौरवका आयोजनाको हकमा बजेट तथा स्रोत अवस्था हेरी अधिकतम लागत रु.एक अर्ब सम्मका आयोजना छनौट गर्न सकिनेछ। स्थानीय तहमा वित्तीय हस्तान्तरण मार्फत् सञ्चालन हुने आयोजनाहरुका लागि उपदफा (६) मा उल्लेख भएको लागत सीमा लागू हुने छैन।

(८) प्रदेशको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा प्रदेश सरकार अन्तरगतका कार्यालयबाट सञ्चालन गरिने



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

प्रदेशस्तरीय आयोजनामा रु.पचास लाख भन्दा कम रकम विनियोजन गरिने छैन।

तर, लागत अनुमान पचास लाख भन्दा बढी भएता पनि आगामी आर्थिक वर्षमा कम खर्च हुने प्रकृतिका आयोजना, क्रमागत वा सम्पन्न हुनलागेको आयोजनाको हकमा रु.पचास लाख भन्दा कम विनियोजन गर्न परेमा वार्षिक विकास कार्यक्रममा कुल लागत अनुमान खुलाई आवश्यक रकम विनियोजन गर्न बाधा पर्ने छैन। उपदफा (६) अनुसारको आयोजनाको लागत सीमा पाँच वर्षमा कम्तीमा एकपटक पुनरावलोकन गर्नुपर्नेछ।

(९) जनसहभागितामा सञ्चालन हुने आयोजनाहरु माग गर्दा न्यूनतम बीस प्रतिशत स्रोत साझेदारी संस्था वा समुदायले व्यहोर्ने प्रतिवद्धता हुनुपर्ने गरी आयोजना छनौट गर्नु पर्नेछ। उपदफा (६) र (७) मा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि देहायका आयोजनाको हकमा न्यूनतम लागत सीमा लागु हुनेछैन।

(क) एउटै आ.व.मा सम्पन्न हुने गरी मर्मतसम्भार कार्यको लागि,

(ख) पहिले देखि निर्माणाधीन क्रमागत आयोजनाको लागि,

(ग) चालु प्रकृतिका गोष्ठी, तालिम, अभिमुखीकरण जस्ता कार्यक्रमका लागि,



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(घ) विपद जोखिम न्यूनीकरण सम्बन्धी आयोजनाको लागि,

(ङ) सशर्त वा निशर्त अनुदान दिने कार्यक्रमका लागि।

(१०) प्रदेश सरकारका निकायहरुबाट सञ्चालन गरिने यस दफामा उल्लेख भए बमोजिम बाहेकका आयोजना तथा कार्यक्रमको लागि बजेट विनियोजन गर्न मन्त्रालय बाध्य हुनेछैन।

(११) देहायका शर्तहरु पूरा नभएका आयोजनाहरु छनौट गर्न पाइने छैनः-

(क) आर्थिक मामिला तथा योजना मन्त्रालयबाट दिइएको बजेट सीमा भित्र नपर्ने र स्रोतको सुनिश्चितता नभएका आयोजना,

(ख) पर्याप्त पूर्वतयारी नभएका आयोजना तथा कार्यक्रम,

(ग) संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट सञ्चालित आयोजना वा कार्यक्रमसँग दोहोरो पर्ने कार्यक्रम तथा आयोजना

तर निर्माणाधीन आयोजना/कार्यक्रममा स्रोत अभाव भई आयोजना अपुरो हुने भएमा मन्त्रालयको पूर्व स्वीकृति लिई त्यस्ता आयोजना प्रस्ताव गर्न सकिनेछ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(घ) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि समपूरक र विशेष अनुदानबाट संचालित आयोजना वा कार्यक्रम छनौट गर्दा समपूरक अनुदान सम्बन्धी कार्यविधि र विशेष अनुदान सम्बन्धी कार्यविधि अनुसार गर्नुपर्नेछ।

(१२) विषगत मन्त्रालयले आयोजना छनौटको अन्तिम स्वीकृति प्रदान गर्दा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली बमोजिम आयोजनाको रूपरेखा, आयोजनाको कुल लागत अनुमान, लागत व्यहोरिने स्रोत, आयोजनाबाट प्राप्त हुने प्रतिफल, आयोजनाको आर्थिक विश्लेषण, आयोजना कार्यान्वयन र खर्चतालिका, आयोजना कार्यान्वयन गर्न आवश्यक पर्ने जनबल एबं प्रमुख निर्माण सामग्री र आयोजना सञ्चालन प्रस्ताव अनुसूची-१४ बमोजिम पेश गरी निर्णय गर्नु पर्नेछ।

(१३) उपदफा (१२) बमोजिम विषयगत मन्त्रालयबाट निर्णय भएको आयोजनाको त्रैमासिक विभाजन सहित प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली बमोजिमको ढाँचामा वार्षिक विकास कार्यक्रमको विवरण प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ।

(१४) विकास आयोजनाहरुमा भौगोलिक क्षेत्र, जिल्लागत एवम् स्थानीय तहगत समानता एवम् सन्तुलन

कायम गर्न अनुसूची-१५ बमोजिमको ढाँचामा जिल्लागत/स्थानीय तहगत आयोजनाको विवरण अद्यावधिक गर्नुपर्नेछ। आयोजना प्रस्ताव, विश्लेषण, छनौट एवम् प्राथमिकीकरण गर्दा जिल्लागत रुपमा निर्माणाधीन वा क्रमागत एवम् प्रस्तावित आयोजनाको विवरणलाई आधार लिनुपर्नेछ।

## परिच्छेद ३

## विविध

७. **स्रोत व्यवस्थापनः** (१) विषयगत मन्त्रालयले मातहत कार्यालयको चालु आर्थिक वर्षको लागि स्रोतगत रुपमा विनियोजित बजेट र बहुवर्षीय आयोजनाको प्रतिवद्ध दायित्वमध्ये आगामी आर्थिक वर्षमा आवश्यक पर्ने रकम समेत विश्लेषण गरी सन्तुलित एवम् समानुपातिक रुपमा आगामी आर्थिक वर्षको लागि बजेट सीमा बाँडफाट गर्नुपर्नेछ।

(२) आर्थिक मामिला तथा योजना मन्त्रालयले बजेटको सीमा निर्धारण/बाँडफाँट गर्दा वा उपदफा (१) बमोजिम विषयगत मन्त्रालयले बजेट सीमा बाँडफाट गर्दा आवधिक योजना र मध्यमकालीन खर्चसंरचनाको बजेट प्रक्षेपण, गत आर्थिक वर्षको खर्च, चालु आर्थिक वर्षको विनियोजनका आधारमा अनुसूची-१६ बमोजिमको ढाँचामा विषय क्षेत्रगत रुपमा विश्लेषण गर्नुपर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(३) संघ सशर्त, समपूरक र विशेष अनुदान, सहलगानी एवम् वैदेशिक सहायतामा सञ्चालन गर्न सकिने आयोजना वा कार्यक्रमलाई मन्त्रालयको समन्वयमा संघीय सम्बन्धित मन्त्रालयमा प्रस्ताव पेश गरी स्रोत व्यवस्थापन गर्न सहयोग एवम् समन्वय गर्नुपर्नेछ।

(४) आयोजना कार्यान्वयन कार्ययोजना अनुसार आगामी आर्थिक वर्षमा खर्च गर्न सकिने रकम अनुमान गरी त्रैमासिक विभाजन सहित वार्षिक विकास कार्यक्रममा समावेश गर्नुपर्नेछ।

(५) आयोजनालाई बजेट तथा कार्यक्रममा प्रस्ताव गर्दा कार्यान्वयन गर्न सकिने र बजेट खर्च हुनसक्ने विषयमा निश्चित भएर मात्र विनियोजन गर्नुपर्नेछ। देहायको अवस्थाका आयोजनामा प्रदेश सरकार अन्तरगत बजेट विनियोजन गरिने छैनः-

(क) जग्गा प्राप्ति नभएको वा विवाद रहेको,

(ख) लागत बढी भएको तर थोरै लाभ वा उपलब्धि हुने,

(ग) निर्माण पश्चात् सञ्चालन तथा व्यवस्थापन गर्न अन्यौलता रहेको,

(घ) खर्चहुने स्पष्ट आधार र औचित्य पुष्ट्याई नभएको,

(ङ) प्रदेश सरकारले खर्च व्यहोर्न नपर्ने क्षेत्र वा निजीक्षेत्र आकर्षित हुनेमा,



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(च) नाफामूलक संस्थाको आयोजना वा कार्यक्रम आदि।

८. <u>कार्यविधि बमोजिम गर्नुपर्ने:</u> (१) प्रदेश सरकारले सञ्चालन गर्ने आयोजनाका अतिरिक्त कार्यक्रम छनौट सम्बन्धमा समेत यो कार्यविधि लागु हुनेछ।

(२) नेपाल सरकारबाट प्रदेशलाई प्राप्त हुने सशर्त, समपूरक र विशेष अनुदानमा सञ्चालनका लागि प्रस्ताव गरिने आयोजना वा कार्यक्रमको छनौट, मूल्याङ्कन वा विश्लेषण र प्राथमिकीकरण यसै कार्यविधि अनुसार गर्नुपर्नेछ।

(३) संघ सशर्त अनुदानमा प्रदेश अन्तरगत कार्यान्वयन गरिने आयोजना वा कार्यक्रम समेत यसै कार्यविधि अनुसारको न्यूनतम लागत वा बजेटसीमा भित्रका आयोजनाहरु मात्र प्रदेशमा हस्तान्तरण गरिदिन नेपाल सरकारका सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयमा अनुरोध गर्नुपर्नेछ।

९. <u>कार्यविधिको स्पष्टता र थप मापदण्ड निर्धारण:</u> (१) यस कार्यविधिमा भएको व्यवस्थामा कुनै द्विविधा उत्पन्न भएमा सोको स्पष्टता मन्त्रालयले गरे अनुरुप हुनेछ।

(२) आयोजना पहिचान, विश्लेषण तथा मूल्याङ्कनको लागि यस कार्यविधिमा निर्धारण गरिएका आधारहरुको अतिरिक्त विषयगत मन्त्रालयले मूल्याङ्कनको लागि उपयुक्त सूचकहरु तथा मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(३) विस्तृत सम्भाव्यता अध्ययन तथा डिपिआर तयार गर्नुअघि आयोजनाको आवश्यकता पहिचान र पूर्वसम्भाव्यता अध्ययन गरेर तालुक मन्त्रालय र प्रदेश योजना आयोगको स्वीकृतिमा मात्र डिपिआर तयार गर्ने कार्य अघि बढाउनुपर्नेछ। विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदनको ढाँचा अनुसूची-१७ बमोजिम हुनेछ।

(४) स्थानीय तह वा संघीय कार्यालयले प्रदेशस्तरीय कुनै आयोजनाको डिपिआर तयार गरिसकेको भए सो अनुसार पनि प्रदेश आयोजना बैंकमा समावेश गर्न वा बजेट तथा कार्यक्रममा समावेश गर्न सकिनेछ। दोहोरो हुने गरी डिपिआर गर्न पाइने छैन।

(५) पहिलेदेखि निर्माणाधीन आयोजनालाई सम्पन्न गर्न पर्याप्त बजेट विनियोजन गरेपछि बजेट बाँकी रहने भए मात्र नयाँ आयोजना छनौट कार्य गर्नुपर्नेछ।

(६) संघको अधिकार सूचीमा समावेश भएका एवम् साझा अधिकारसूचीमा रहेका ठूला प्रकृतिका आयोजनाको आवश्यकता पहिचान भएमा सञ्चालनका लागि नेपाल सरकारका सम्बन्धित मन्त्रालय तथा राष्ट्रिय योजना आयोग समक्ष आयोजना प्रस्ताव पेश गर्न सकिनेछ।

(७) स्थानीय तहको अधिकार क्षेत्रमा पर्ने वा साझा अधिकारसूची अन्तरगत स्थानीय तहबाट कार्यान्वयन गर्दा प्रभावकारी हुने, न्यून लागत एवम् साना प्रकृतिका आयोजनाको पहिचान भएका त्यस्ता आयोजना

कार्यान्वयनको लागि सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ।

(८) निजी क्षेत्रबाट सञ्चालन हुन सक्ने वा सार्वजनिक, नीजी तथा सहकारी साझेदारीमा कार्यान्वयन गर्न उपयुक्त हुने देखिएका आयोजनाहरुको सञ्चालन सम्बन्धी कार्य अघि बढाउन विषयगत मन्त्रालयले सम्बन्धित निकायमा लेखी पठाउन सकिनेछ।

(९) वैदेशिक सहायताबाट कार्यान्वयन गर्न उपयुक्त हुने आयोजनाहरुको सूची तयार गर्न विषयगत मन्त्रालयले आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनुपर्नेछ। अन्तर्राष्ट्रिय विकास सहायता परिचालन तथा समन्वय सम्बन्धी कार्यविधि, २०७८ बमोजिम वैदेशिक सहायता प्राप्तिका लागि नेपाल सरकार, अर्थमन्त्रालय समक्ष पेश गरिनेछ।

१०. <u>अनुसूचीमा संशोधनः</u> आर्थिक मामिला तथा योजना मन्त्रालयले यस कार्यविधिको अनुसूचीमा आवश्यक संशोधन गर्न सक्नेछ। त्यस्तो संशोधनको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची -१
### (दफा ३ सँग सम्बन्धित)
### आयोजना वर्गीकरणका आधार

| सि.नं. | वर्गीकरणको आधार | आयोजनाको वर्गीकरण |
|---|---|---|
| १ | विषय क्षेत्र (Sectoral) | १.१ आर्थिक क्षेत्र<br>१.२ सामाजिक क्षेत्र<br>१.३ पूर्वाधार क्षेत्र<br>१.४ सुशासन क्षेत्र<br>१.५ अन्तरसम्बन्धित क्षेत्र |
| २ | विकासको आयाम | २.१ आर्थिक विकास<br>२.२ सामाजिक विकास<br>२.३ वातावरणीय विकास |
| ३. | प्रत्यक्ष लाभान्वित क्षेत्र | ३.१ एउटा मात्र स्थानीय तह लाभान्वित हुने आयोजना,<br>३.२ दुई वा सो भन्दा बढी स्थानीय तहमा लाभान्वित हुने आयोजना,<br>३.३ एउटा मात्र जिल्ला लाभान्वित हुने आयोजना,<br>३.४ एकभन्दा बढी जिल्लाहरु लाभान्वित हुने आयोजना,<br>३.५ प्रदेशका सबै जिल्लाहरु लाभान्वित हुने आयोजना |
| ४. | खर्चको श्रोत | ४.१ प्रदेश सरकारको स्रोतबाट मात्र सञ्चालन हुने आयोजना,<br>४.२ सशर्त अनुदान अन्तर्गत सञ्चालन हुने आयोजना, |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | |
|---|---|---|
| | | ४.३ समपूरक अनुदान/सहलगानीका आयोजना,<br>४.४ विशेष अनुदान अन्तर्गत सञ्चालन हुने आयोजना,<br>४.५ वैदेशिक सहायता अन्तर्गत सञ्चालन हुने आयोजना,<br>४.६ सार्वजनिक, निजि तथा सहकारी साझेदारीमा संचालित हुने आयोजना |
| ५. | आयोजनाको अवस्था | ५.१ नयाँ माग/प्रस्ताव भएको आयोजना<br>५.२ पूर्वसम्भाव्यता अध्ययन भएको आयोजना<br>५.३ विस्तृत सम्भाव्यता अध्ययन तथा वातावरणीय प्रभाव परीक्षण सम्पन्न आयोजना<br>५.४ निर्माणाधीन आयोजना<br>५.५ निर्माण सम्पन्न आयोजनामा थप काम गर्नुपर्ने आयोजना<br>५.६ मर्मतसम्भार गर्नुपर्ने आयोजना |
| ६. | आयोजनाको प्रभावका आधारमा | ६.१ दीर्घकालीन महत्वका आयोजना<br>६.२ प्रदेश गौरवका आयोजना<br>६.३ अन्तरस्थानीय तहस्तरीय आयोजना<br>६.४ लक्षित वर्ग/विशेष आयोजना<br>६.५ क्रमागत एवम् सालबसाली आयोजना<br>६.६ स्रोत सहमति प्रदान गरिएका बहुवर्षीय आयोजना |
| ७. | कार्यान्वयन गर्ने निकायका आधारमा | ७.१ प्रदेशका निकायहरुबाट कार्यान्वयन हुने<br>७.२ स्थानीय तहबाट कार्यान्वयन गर्न वित्तीय हस्तान्तरण गरिने |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | |
|---|---|---|
| | | ७.३ प्राधिकरण वा कम्पनीबाट कार्यान्वयन गरिने<br>७.४ गैह्रसहकारी संस्थाबाट सञ्चालन गरिने आयोजना/कार्यक्रमहरु |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची -२
### (दफा ४ को उपदफा (१) सँग सम्बन्धित)
### आयोजनासँग सम्बन्धित विषयगत क्षेत्र

विकास आयोजनाको प्राथमिकीकरण गर्न सम्पूर्ण विकास आयोजनाहरुलाई पाँचवटा मुख्य क्षेत्रहरुमा वर्गीकरण गरी त्यस अन्तरगत पर्ने उपक्षेत्र देहाय बमोजिम छुट्याइएको छ। आयोजनाहरुलाई विषय क्षेत्रगत रुपमा वर्गीकरण गर्दा प्रदेशको आवधिक योजनामा उल्लेखित विषय क्षेत्र तथा उपक्षेत्रहरुलाई आधार लिइएको छ।

| क्र.सं | प्रमुख क्षेत्रहरु | उपक्षेत्रहरु |
|---|---|---|
| १. | आर्थिक क्षेत्र | १.१ कृषि, पशुपंक्षी तथा मत्स्य विकास, १.२ भूमि व्यवस्थापन, १.३ गुठी व्यवस्थापन, १.४ खाद्यसुरक्षा तथा पोषण १.५ सहकारी क्षेत्र १.६ उद्योग, १.७ खानी तथा खनिज सम्पदा १.८ वाणिज्य तथा आपुर्ति, १.९ पर्यटन, १.१० वन तथा जैविक विविधता, १.११ आर्थिक मामिला |
| २. | सामाजिक क्षेत्र | २.१ शिक्षा २.२ स्वास्थ्य तथा पोषण २.३ खानेपानी तथा सरसफाई २.४ जनसंख्या तथा बसाइँसराई, २.५ लैङ्गिक समानता तथा महिला सशक्तीकरण, २.६ सामाजिक समावेशीकरण २.७ सामाजिक सुरक्षा तथा संरक्षण २.८ ज्येष्ठ नागरिक २.९ अपाङ्गता भएका व्यक्ति, २.१० बालवालिका तथा किशोरकिशोरी २.११ युवा तथा खेलकुद २.१२ भाषा, कला, साहित्य, संस्कृति तथा सम्पदा संरक्षण २.१३ गैरसरकारी क्षेत्र |
| ३. | पूर्वाधार क्षेत्र | ३.१ शहरीकरण, ग्रामीण विकास तथा बस्ती व्यवस्थापन ३.२ सिंचाई ३.३ जलउत्पन्न प्रकोप |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | |
|---|---|---|
| | | व्यवस्थापन ३.४ जलविद्युत ३.५ सौर्य तथा अन्य नवीकरणीय उर्जा ३.६ यातायात पूर्वाधार विकास तथा यातायात व्यवस्थापन ३.७ विज्ञान तथा प्रविधि ३.८ सूचना तथा सञ्चार प्रविधि |
| ४. | सुशासन तथा संस्थागत विकास क्षेत्र | ४.१ सुशासन तथा क्षमता विकास ४.२ मानव अधिकार, शान्ति सुरक्षा तथा सुव्यवस्था |
| ५. | अन्तरसम्बन्धित क्षेत्र | ५.१ गरिबी निवारण, ५.२ श्रम तथा रोजगार, ५.३ वातावरण तथा जलवायु परिवर्तन, ५.४ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, ५.५ तथ्याङ्क, योजना, अनुसन्धान र अनुगमन तथा मूल्याङ्कन |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची -३

(दफा ४ को उपदफा (३) र दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

# आयोजना प्राथमिकीकरणका आधार र सोको मूल्याङ्कन मापदण्ड

आयोजना/कार्यक्रमको नामः

| (क) सामान्य आधार (७० अङ्क) | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | प्राथमिकीकरणका आधार | अन्तरसम्बन्ध | मूल्याङ्कन | | |
| | | | योगदान | पूर्णाङ्क | प्रासाङ्क |
| १. | तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धिमा योगदान पुऱ्याउने | चालु आवधिक योजनाको आर्थिक वृद्धिको लक्ष्य प्रासिमा र प्रदेशको प्राथमिकता वा तुलनात्मक लाभ भएका क्षेत्रको उत्पादन, मूल्य अभिवृद्धि र आय वृद्धिमा पुऱ्याउने योगदान | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | १५ | |
| | | | अप्रत्यक्ष र उल्लेखनीय (उत्तम) | १० | |
| | | | कम वा सामान्य (सामान्य) | ५ | |
| | | | योगदान नपुऱ्याएमा (न्युन) | ० | |
| २. | दीगो विकासको लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने | दिगो विकास लक्ष्य १ (सबै प्रकारका गरिबीको अन्त्य) र लक्ष्य ८ (पूर्ण र उत्पादनमुलक रोजगारी प्रासि वा वृद्धि) मा पुऱ्याउने योगदान | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | १० | |
| | | | अप्रत्यक्ष र उल्लेखनीय (उत्तम) | ६.५ | |
| | | | कम वा सामान्य (सामान्य) | ३ | |
| | | | योगदान नपुऱ्याएमा (न्युन) | ० | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | सहभागिताको अवस्था | निम्न क्षेत्र वा संस्थाहरु मध्ये कुनै एकको सहभागिता रहने<br>• नागरिक समाज, सामुदायिक संस्था, गैरसरकारी संस्था, उपभोक्ता समूह वा सेवाग्राही, वा<br>• स्थानीय तह, वा<br>• निजी क्षेत्र | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | ५ | |
| | | | अप्रत्यक्ष र उल्लेखनीय (उत्तम) | ३.५ | |
| | | | कम वा सामान्य (सामान्य) | २ | |
| | | | कुनै सहभागिता नरहने (न्युन) | ० | |
| ४. | (क) क्षेत्रीय समावेशीकरणमा योगदान | मानव विकास सूचकाङ्कमा तलदेखि २५ औ स्थानसम्मका जिल्लाहरुमा सञ्चालन हुने आयोजना/कार्यक्रम | अति उत्तम | १० | |
| | | मानव विकास सूचकाङ्कमा २६ देखि ५० औ स्थानसम्मका जिल्लाहरुमा सञ्चालन हुने आयोजना/कार्यक्रम | उत्तम | ६.५ | |
| | | मानव विकास सूचकाङ्कमा ५१ देखि ७५ औ स्थानसम्मका जिल्लाहरुमा सञ्चालन हुने आयोजना/कार्यक्रम | सामान्य | ३ | |
| | | मानव विकास सूचकाङ्कमा ७५ औ स्थानदेखि माथिका जिल्लाहरुमा सञ्चालन हुने वा क्षेत्रीय सन्तुलनमा स्पष्ट योगदान नपुऱ्याउने आयोजना/कार्यक्रम | न्युन | ० | |
| | (ख) सामाजिक समावेशीकरण र लैंगिक | सामाजिक र लैङ्गिक मूलप्रवाहीकरण, समानता र सशक्तीकरणलाई बढवा दिने | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | ५ | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | | |
|---|---|---|---|---|---|
| | मूलप्रवाहीकरणमा योगदान | | अप्रत्यक्ष र उल्लेखनीय (उत्तम) | ३.५ | |
| | | | कम वा सामान्य (सामान्य) | २ | |
| | | | असन्तोषजनक (न्युन) | ० | |
| ५. | आयोजनाको पूर्व कार्यसम्पादन तथा सम्पन्न हुन लाग्ने समय *((क) वा (ख) मध्ये कुनै एकमा मूल्याङ्कन गरी अंक दिने) | **(क) चालु/निर्माणाधीन आयोजनाको लागि** चालु आ.व.को दोस्रो चौमासिकसम्मको भौतिक तथा वित्तीय प्रगति अवस्था वा आयोजना सम्पन्न हुने अवधि (कार्यान्वयन गर्न लाग्ने समय) | प्रगति ८०% भन्दा बढी वा आगामी आ.व.मा सम्पन्न हुने निश्चित रहेको (अति उत्तम) | १० | |
| | | | प्रगति ६५% देखि ८०%सम्म रहेको वा आगामी दुई वर्षमा सम्पन्न हुने निश्चित रहेको (उत्तम) | ६.५ | |
| | | | प्रगति ५०% देखि ६५% सम्म रहेको वा आगामी दुई वर्षमा सम्पन्न हुने निश्चित रहेको (सामान्य) | ३ | |
| | | | प्रगति ५०% भन्दा कम रहेको वा आगामी चार वर्षमा पनि सम्पन्न हुने निश्चित नरहेको (असन्तोषजनक) | ० | |
| | | **(ख) नयाँ/प्रस्तावित आयोजनाको लागि** आयोजना कार्यान्वयनको पूर्व तयारी कार्य | तयारी पूरा भएको (अति उत्तम) | *१० | |
| | | | अन्तिम चरणमा रहेको (उत्तम) | *६.५ | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कार्य भईरहेको (सामान्य) | *३ | |
| | | | कार्य नभएको (न्यून) | *० | |
| ६. | प्रदेशको अधिकारक्षेत्र तथा कार्यजिम्मेवारी | प्रदेशको अधिकारको सूची (नेपालको संविधानको अनुसूची-६) मा उल्लेखित विषयहरुमा पर्ने आयोजना /कार्यक्रम | अति उत्तम | १० | |
| | | साझा अधिकारसूची अन्तरगत प्रदेशले कार्य सम्पादन गर्नुपर्ने विषयको आयोजना/कार्यक्रम | उत्तम | ६.५ | |
| | | माथि उल्लेखित बाहेक प्रदेशको कार्य जिम्मेवारीमा पर्ने अन्य विषय | सामान्य | ३ | |
| | | प्रदेशको कार्यक्षेत्रमा नरेहेको वा निजी क्षेत्र आकर्षित हुनसक्ने आयोजना/कार्यक्रम | न्यून | ० | |
| ७. | अपेक्षित लाभान्वित जनसंख्या | १५ हजार भन्दा बढी लाभान्वित हुने | अति उत्तम | ५ | |
| | | ५ देखि १५ हजारसम्म लाभान्वित हुने | उत्तम | ३.५ | |
| | | १ देखि ५ हजारसम्म लाभान्वित हुने | सामान्य | २ | |
| | | १ हजारभन्दा कम लाभान्वित हुने | न्यून | ० | |
| **सामान्य आधारको मूल्याङ्कनबाट प्राप्त गरेको प्राप्ताङ्क (क)** | | | | ७० | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| (ख) क्षेत्रगत आधार (३० अङ्क) | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | प्राथमिकीकरणका आधार | अन्तरसम्बन्ध | मूल्याङ्कन | | |
| | | | योगदान | पूर्णाङ्क | प्राप्ताङ्क |
| **१.आर्थिक क्षेत्र (कृषि, उद्योग, वाणिज्य तथा आपूर्ति, खानी तथा खनिज, पर्यटन, वन, भूमि व्यवस्था, सहकारी)** | | | | | |
| १. | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्यसँगको सम्बन्ध | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुपको नतिजा प्राप्तिमा योगदान पुऱ्याउने | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | १५ | |
| | | | अप्रत्यक्ष तर महत्वपूर्ण (उत्तम) | १० | |
| | | | सामान्य (सामान्य) | ५ | |
| | | | नगन्य (न्युन) | ० | |
| २. | दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदान | **दिगो विकास लक्ष्य २** (भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण हासिल गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने) **लक्ष्य ८** (भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि हासिल गर्ने) **लक्ष्य ९** (औद्योगिकीकरण प्रवर्द्धन गर्ने), **लक्ष्य १५** (पारिस्थितिक प्रणालो दिगो उपयोग, वनजङ्गलको दिगो व्यवस्थापन गर्ने) र राजस्व वृद्धि र खर्च व्यवस्थापन | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | १५ | |
| | | | अप्रत्यक्ष तर महत्वपूर्ण (उत्तम) | १० | |
| | | | सामान्य (सामान्य) | ५ | |
| | | | नगन्य (न्युन) | ० | |
| **२. सामाजिक क्षेत्र (शिक्षा, विज्ञान तथा प्रविधि, स्वास्थ्य तथा पोषण, महिला बालबालिका तथा समाज कल्याण, खानेपानी तथा सरसफाई, संस्कृति)** | | | | | |
| १. | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुपको नतिजा प्राप्तिमा योगदान पुऱ्याउने | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | १५ | |
| | | | अप्रत्यक्ष तर महत्वपूर्ण (उत्तम) | १० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | उद्देश्यसंगको सम्बन्ध | | सामान्य (सामान्य) | ५ | |
| | | | नगन्य (न्यून) | ० | |
| २. | दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदान | दिगो विकास **लक्ष्य ३** (स्वस्थ्य जीवन जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने), **लक्ष्य ४** (सबैको लागि समावेशी तथा समतामूलक गुणात्मक शिक्षा सुनिश्चित गर्दै जीवन पर्यन्त सिकाईका अवसरहरु प्रवर्द्धन गर्ने), **लक्ष्य ५** (लैंगिक समानता हासिल गर्ने र महिला, किशोरी र बालिकाहरुको सशक्तीकरण गर्ने), **लक्ष्य ६** ( खानेपानी र सरसफाई सेवाको उपलब्धताको दिगो सुनिश्चितता गर्ने), **लक्ष्य १०** (असमानता न्यून गर्ने) | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | **१५** | |
| | | | अप्रत्यक्ष तर महत्वपूर्ण (उत्तम) | १० | |
| | | | सामान्य (सामान्य) | ५ | |
| | | | नगन्य (न्युन) | ० | |
| | **३. पूर्वाधार क्षेत्र (ऊर्जा, सिंचाई, सडक तथा यातायात, सहरी विकास, सूचना तथा सञ्चार तथा प्रादेशिक पूर्वाधार विकास)** | | | | |
| १. | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्यसंगको सम्बन्ध | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुपको नतिजा प्राप्तिमा योगदान पुऱ्याउने | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | **१५** | |
| | | | अप्रत्यक्ष तर महत्वपूर्ण (उत्तम) | १० | |
| | | | सामान्य (सामान्य) | ५ | |
| | | | नगन्य (न्युन) | ० | |
| २. | दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदान | दिगो विकास **लक्ष्य ७** (धान्न/बेहोर्न सकिने, भरपर्दो, दिगो र आधुनिक उर्जामा सबैको पहुँच | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | **१५** | |
| | | | अप्रत्यक्ष तर महत्वपूर्ण (उत्तम) | १० | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | | |
|---|---|---|---|---|---|
| | | सुनिश्चित गर्ने) **लक्ष्य ९** (समयानुकूल/ उत्थानशील पूर्वाधारहरु निर्माण, नवप्रवर्तनलाई प्रोत्साहन गर्ने) **लक्ष्य ११** (शहर तथा मानव वस्तीहरुलाई सुरक्षित र दिगो बनाउने) | सामान्य (सामान्य) | ५ | |
| | | | नगन्य (न्युन) | ० | |
| **४. सुशासन क्षेत्र (सुशासन तथा क्षमता विकास, मानव अधिकार, शान्ति सुरक्षा तथा सुव्यवस्था)** | | | | | |
| १. | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्यसंगको सम्बन्ध | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरुपकोनतिजा प्राप्तिमा योगदान पुऱ्याउने | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | **१५** | |
| | | | अप्रत्यक्ष तर महत्वपूर्ण (उत्तम) | १० | |
| | | | सामान्य (सामान्य) | ५ | |
| | | | नगन्य (न्यून) | ० | |
| २. | दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदान | **लक्ष्य १०** (असमानता न्यून गर्ने, **लक्ष्य १६** (शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सबैमा न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने) **लक्ष्य १७** (दिगो विकास कार्यान्वयनका उपायहरु/साधनहरुलाई सुदृढ गर्ने) | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | **१५** | |
| | | | अप्रत्यक्ष तर महत्वपूर्ण (उत्तम) | १० | |
| | | | सामान्य (सामान्य) | ५ | |
| | | | नगन्य (न्युन) | ० | |
| **५. अन्तरसम्बन्धित क्षेत्र (गरिबी निवारण, श्रम तथा रोजगार, विपद् व्यवस्थापन, जलवायु परिर्तन, योजना तथा तथ्याङ्क)** | | | | | |
| १. | चालु आवधिक योजनाको क्षेत्रगत | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | **१५** | |



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | | |
|---|---|---|---|---|---|
| | लक्ष्य र उद्देश्यसँगको सम्बन्ध | अनुरुपको नतिजा प्राप्तिमा योगदान पुऱ्याउने | अप्रत्यक्ष तर महत्वपूर्ण (उत्तम) | १० | |
| | | | सामान्य (सामान्य) | ५ | |
| | | | नगन्य (न्युन) | ० | |
| २. | दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदान | दिगो विकास **लक्ष्य १** (गरिबीको अन्त्य गर्ने) **लक्ष्य ८** (उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने), **लक्ष्य १२** (दिगो उपभोग र उत्पादनका ढाँचाहरु सुनिश्चित गर्ने), **लक्ष्य १३** (जलवायु परिवर्तन र यसका असरहरुसँग जुध्न तत्काल कार्य अघि बढाउने) | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | १५ | |
| | | | अप्रत्यक्ष तर महत्वपूर्ण (उत्तम) | १० | |
| | | | सामान्य (सामान्य) | ५ | |
| | | | नगन्य (न्युन) | ० | |
| **क्षेत्रगत आधारको मूल्याङ्कनबाट प्राप्त गरेको प्राप्ताङ्क (ख)** | | | | ३० | |
| **आयोजनाको कुल प्राप्ताङ्क (क) + (ख)** | | | | १०० | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## साधारण बजेटको प्राथमिकीकरण

बजेट उपशीर्षक/कार्यक्रमः-

| क्र.सं. | आधार | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १. | जनतालाई प्रत्यक्ष सेवा गर्न सहयोग गर्ने | ५ | |
| २. | सुशासन कायम गर्न योगदान पुऱ्याउने | ५ | |
| ३. | राजस्व वृद्धि गर्न सहयोगी कार्यहरु | ५ | |
| ४. | विकास कार्यमा योगदान पुऱ्याउने | ५ | |
| ५. | मानव संशाधन विकास, वातावरण संरक्षण र क्षेत्रीय सन्तुलनमा योगदान पुऱ्याउने | ५ | |
| जम्मा | | २५ | |

## साधारण बजेटको भार प्रदान गर्ने तरिका

| क्र.सं. | आधार | अंक |
|---|---|---|
| १. | अति उच्च सहयोग पुग्ने | ५ |
| २. | उच्च सहयोग पुग्ने | ३.५ |
| ३. | सामान्य सहयोग पुग्ने | २ |
| ४. | सहयोग नपुग्ने | ० |

| क्र.सं. | कुल प्राप्ताङ्क | प्राथमिकताक्रम |
|---|---|---|
| १. | १७.५ वा सो भन्दा बढी अंक प्राप्त भएमा | पहिलो (P1) |
| २. | १७.५ वा सो भन्दा कम अंक प्राप्त भएमा | दोस्रो (P2) |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची -४
### (दफा ४ को उपदफा (४) सँग सम्बन्धित)
### <u>आयोजनाको प्राथमिकीकरणका आधार</u>

- विकास आयोजनालाई प्रथिमिकिकरण गर्नको लागि ७ वटा सामान्य आधारलाई कुल ७० अंक राखिएको छ।
- विकास आयोजना प्राथमिकीकरण गर्नको लागि २ वटा क्षेत्रगत आधारलाई कूल ३० अंक राखिएको छ। क्षेत्रगत आधरलाई आर्थिक क्षेत्र, कृषि, सहकारी तथा भूमि व्यवस्था क्षेत्र, सामाजिक क्षेत्र, पूर्वाधार क्षेत्र, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र गरी विभाजन गरिएको छ। सोको अंक गणना गर्दा आयोजनाको प्रकृती अनुसार एउटा निकायले कुनै एक क्षेत्रको मात्र अंक गणना गर्नु पर्नेछ।

| क.सं | आधार | अंक |
|---|---|---|
| १. | सामान्य आधार | ७० |
| २. | क्षेत्रगत आधार | ३० |

- कार्यक्रमलाई प्रथम प्राथमिकता प्राप्त (Priority 1 - P1)र द्वितीय प्राथमिकता प्राप्त (Priority 2 - P2) गरी २ वटा प्राथमिकताक्रममा वर्गीकरण गरिएको छः
- साधारण बजेटलाई ५ आधारमा P1 र P2 गरी २ वटा प्राथमिकीकरणमा वर्गीकरण गरिएको छ ।

**आयोजनाको प्राथमिकीकरण**

| क.स. | कूल प्राप्तांक | प्राथमिकता क्रम |
|---|---|---|
| १. | ७५ वा सो भन्दा बढी अंक भएमा | पहिलो (P1) |
| २. | ७५ भन्दा कम अंक भएमा | दोस्रो (P2) |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

**नोटः** माथि उल्लेख गरिएको आधार बमोजिम वर्गीकरण गर्दा कुनै क्षेत्रमा दुई तिहाई भन्दा बढी कार्यक्रम/आयोजना P1 अन्तर्गत परेमा P1 हुनको लागि आवश्यक न्यूनतम अंक परिमार्जन गरी प्राथमिकीकरण वा स्तरीकरण (Ranking) गरिनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची-५

(दफा ४ को उपदफा (४) सँग सम्बन्धित)

**प्राथमिकीकरण गर्ने सम्बन्धमा अंक गणनाको नमुना फाराम**

**मन्त्रालयको नामः** आर्थिक मामिला तथा योजना मन्त्रालय

बजेट उपशीर्षकः- ३०५०००११

| क्र.सं | आयोजना तथा कार्यक्रमको नाम | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | तीव्र आर्थिक वृद्धिमा पुग्ने योगदान | दीगो विकासका लक्ष्यहरु हासिल गर्न पुऱ्याउने सहयोग | सहभागिताको अवस्था | समावेशीकरणमा पुऱ्याउने योगदान (क)+(ख) | पूर्व कार्यसम्पादन तथा कार्यान्वयन गर्न लाग्ने समय | प्रदेशको अधिकारक्षेत्र तथा कार्य जिम्मेवारी | अपेक्षित लाभान्वित जनसंख्या | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य प्राप्तिमा योगदान | दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदान | कूल प्राप्तांक | प्राथमिकता क्रम |
| | **पूर्णाङ्क*** | **१५** | **१०** | **५** | **१५** | **१०** | **१०** | **५** | **१५** | **१५** | | |
| १ | तथ्याङ्क प्रणाली स्थापना | १० | १० | ३.५ | १० | ३ | १० | ५ | १५ | १० | ७६.५ | P1 |
| २ | वित्तीय साक्षरता कार्यक्रम | १५ | ५ | ५ | १० | ६.५ | ६.५ | ५ | १० | ५ | ६८.० | P2 |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची -६

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**प्रदेशस्तरीय आयोजना माग फारम**

मितिः-

श्रीमान् प्रमुखज्यू,

..................कार्यालय/निर्देशनालय/मन्त्रालय,

...........जिल्ला।

**विषयः- प्रदेशस्तरीय आयोजना माग गरिएको बारेमा।**

१. प्रस्तावित आयोजनाको नामः-

२. आयोजना स्थलः- जिल्लाः- प्रदेश निर्वाचन क्षेत्र-

गाउँपालिका/नगरपालिकाः-

(क)

(ख)

(ग)

(आयोजनाको अनुमानित लम्बाई (सडक वा अन्य आवश्यक पर्नेमा)- कि.मि.,

सुरु स्थानः- अन्तिम स्थानः-

३. आयोजना प्रकृतिः- (नयाँ/क्रमागत/मर्मतसम्भार/पुनःनिर्माण/सुदृढीकरण/स्तरोन्नति)

४. योजनाको किसिमः- (कृषि/पर्यटन पूर्वाधार/शिक्षा/स्वास्थ्य/खेलकुद/सडक/खानेपानी/सिंचाई/अन्य)

५. सम्भाव्यता अध्ययन/ विस्तृत अध्ययन/ वातावरणीय अध्ययन भए नभएको:-

६. आयोजनाबाट लाभान्वित हुने अनुमानितः- घरधुरी- जनसंख्या- जग्गा/क्षेत्रफलः-



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

७. आयोजना माग गर्नुपर्ने कारणः-

(क)

(ख)

८. आयोजनालाई आवश्यक पर्ने अनुमानित क्षेत्र (जग्गा) को विवरणः-

९. निर्माण गर्नुपर्ने संरचनाहरुको विवरणः-

(क)

(ख)

१०. आयोजना निर्माण भएपछि हुनसक्ने लाभः-

११. विवाद भए नभएकोः-

१२. अनुमानित लागत (पूर्वानुमान गर्न सकिनेमा-

१३. अन्यः

मागगर्ने स्थानीय तह/संस्था/समितिको नाम, ठेगानाः-

छाप/दस्तखतः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची-७
## (दफा ५ को उपदफा (२) सँग सम्बन्धित)
## आयोजना/कार्यक्रम माग संकलन फारम

कार्यालयको नामः

जिल्लाः-

| क्र.सं. | दर्ता मिति | माग भएका आयोजना/ कार्यक्रमको नाम | गा.पा./ न.पा. | आयोजना को प्रकृति | लाभान्वित जनसंख्या | अनुमानित लागत | माग गर्ने स्थानीय तह/संस्थाको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

*पुनश्चः आयोजनाको प्रकृतिमा नयाँ/क्रमागत/मर्मतसम्भार/पुनःनिर्माण/सुदृढीकरण/स्तरोन्नति मध्येबाट खुलाउनुपर्नेछ। तालुक निकायबाट प्राप्त विवरण समेत यसै फारममा संकलन गर्नुपर्नेछ। कार्यालयको कार्यक्षेत्र एकभन्दा बढी जिल्ला भएमा जिल्लागत रुपमा छुट्टै फारममा विवरण संकलन गर्नुपर्नेछ।*

आन्तरिक मामिला तथा कानून मन्त्रालय,कोशी प्रदेश

## अनुसूची -८
(दफा ५ को उपदफा (४) सँग सम्बन्धित)

## आयोजना तर्जुमा गोष्ठी सञ्चालन कार्यविधि

(क) आयोजना तर्जुमा गोष्ठी सञ्चालनको तयारीः-

कार्यालयले सञ्चालन गर्ने आयोजना तर्जुमा गोष्ठीमा तालुक निर्देशनालय एवम् मन्त्रालयबाट प्रतिनिधिलाई आमन्त्रण गर्नु पर्नेछ। सहभागीतामूलक पद्दतिबाट आयोजना तर्जुमा गर्न विषयगत मन्त्रालयले सम्बन्धित जिल्लाका प्रदेश सभासदस्य र प्रदेश योजना आयोगका प्रतिनिधिलाई समेत आमन्त्रण गरी मातहतका कार्यालयबाट सञ्चालन गरिने आयोजना तर्जुमा गोष्ठीमा छलफल एवम् अन्तरक्रिया कार्यक्रममा सहयोग, सहजीकरण गर्नुपर्नेछ।

प्रदेश योजना आयोग एवम् आर्थिक मामिला तथा योजना मन्त्रालयले सबै कार्यालयको एकीकृत रुपमा जिल्लागत वा प्रदेश निर्वाचनक्षेत्रस्तरीय आयोजना तर्जुमा गोष्ठी सञ्चालन गर्दा सरोकारवाला निकायलाई आमन्त्रण गरी सहभागीतामूलक रुपमा आयोजना तर्जुमा गर्नुपर्नेछ।

**आयोजना तर्जुमा गोष्ठीमा सहभागीहरु**

- सम्बन्धित जिल्लाका संघीय संसदलाई विशेष अतिथिको रुपमा आमन्त्रण गर्न सकिने।
- प्रदेश सरकारका विभागीय मन्त्री/राज्यमन्त्री/सहायक मन्त्री
- सम्बन्धित जिल्लाका प्रदेश सभा सदस्यहरु
- प्रदेश योजना आयोगका उपाध्यक्ष वा सदस्य
- विषयगत मन्त्रालयका सचिव वा प्रतिनिधि
- प्रदेश योजना आयोगका सचिव वा प्रतिनिधि
- जिल्ला समन्वय समितिका प्रमुख एवम् सदस्यहरु
- जिल्ला स्थित स्थानीय तहका प्रमुख वा अध्यक्ष एवम् प्रतिनिधि
- प्रमुख जिल्ला अधिकारी एवम् जिल्ला समन्वय अधिकारी
- निर्देशनालयका प्रमुख तथा प्रतिनिधि



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

- जिल्लामा कार्यक्षेत्र रहेका प्रदेश अन्तरगतका कार्यालयप्रमुख र योजना शाखा प्रमुख
- जिल्ला स्थित संघीय कार्यालयका प्रमुख एवम् प्रतिनिधि
- स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत
- प्रदेश योजना आयोगबाट आमन्त्रित जिल्ला/निर्वाचन क्षेत्रभित्र रहेका सामुदायिक संघसंस्थाका प्रमुख, नागरिक समाज, सञ्चार क्षेत्रका प्रतिनिधिहरु आदि।

**(ख) आयोजना तर्जुमा गोष्ठी सञ्चालनको ढाँचा**

१. अध्यक्षता ग्रहण, उपस्थित सहभागीहरुलाई स्वागत तथा सम्बोधन गर्दै राष्ट्रिय गानबाट कार्यक्रम सुरु गर्ने,

२. प्रदेश योजना आयोग वा विषयगत मन्त्रालयका तर्फबाट प्रदेशको समग्र आयोजना तर्जुमा प्रक्रियाका विषयमा छोटो प्रस्तुतीकरण राख्न लगाउने।

३. जिल्लामा कार्यक्रम कार्यान्वयन गर्ने प्रदेश स्थित सरकारी कार्यालयका कार्यालय प्रमुखहरुलाई देहायको विषय प्रस्तुतिकरण गर्न लगाउनेः-

- चालु आर्थिक वर्षमा सञ्चालित आयोजना वा कार्यक्रमको संक्षिप्त जानकारी,
- कार्यान्वयनमा देखापरेका समस्या एवम् अन्तरनिकाय समन्वय हुनुपर्ने विषयहरु,
- निर्माणाधीन वा चालु आर्थिक वर्षको आयोजना वा कार्यक्रम आगामी आर्थिक वर्षमा निरन्तरता दिनुपर्ने विवरण
- आयोजना बैंकमा समावेश भएका आयोजना वा कार्यक्रमलाई आगामी वर्षको बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्ने विवरण
- कार्यालयमा माग संकलन गरिएका नयाँ आयोजना वा कार्यक्रम प्रस्तावको विवरण वा सूची

४. कार्यालय प्रमुखहरुलाई क्रमशः प्रस्तुत गर्न लगाउने र कार्यालय प्रमुखको प्रस्तुतिमा सहभागीहरुबाट कुनै जिज्ञासा वा सुझाव भएमा त्यसलाई पनि छोटकरीमा राख्न लगाउने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

५. प्रदेश सरकारको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम तर्जुमा, राजस्व तथा अनुदान लगायतका विषयहरुमा सहभागीहरुलाई आफ्ना सुझाव वा धारणा राख्न लगाउने,

६. सहभागीहरुले प्रस्तुत गरेका राय सुझावहरुलाई सम्बन्धित मन्त्रालय वा निकाय र कार्यालयले आफ्नो कार्यक्षेत्र अनुसार टिपोट गर्ने। आर्थिक मामिला तथा योजना मन्त्रालयले सबै सुझावहरुलाई टिपोट गरी एकीकृत रुपमा प्रतिवेदन तयार गर्ने।

७. तल उल्लेखित बुँदा नं. (ग) अनुसारको प्रक्रियाबाट योजना तर्जुमाको कार्य गर्ने त्यसको लागि विषय क्षेत्रगत रुपमा छुट्याएर योजनाको सूचीअनुसार छलफल एवम् विश्लेषण गर्ने,

८. विभिन्न सूचकका आधारमा विश्लेषण गरी छनौट गरिएका आयोजना वा कार्यक्रमहरुको सूचीलाई विषय क्षेत्रगत रुपमा छुट्याएर प्रमाणित गराउने,

९. मन्तव्य तथा समापन-

प्रमुख जिल्ला अधिकारीको मन्तव्य, स्थानीय तहका प्रमुख वा प्रतिनिधि मध्ये एकजनाको प्रतिनिधिमूलक मन्तव्य, जिल्ला समन्वय प्रमुखको मन्तव्य, प्रदेश सभा सदस्यज्यूहरु मध्ये एकजनाको मन्तव्य, संघीय संसदको मन्तव्य र कार्यक्रमका संयोजक वा अध्यक्षको मन्तव्य पश्चात् कार्यक्रम समापन गर्ने।

**(ग) गोष्ठीमा आयोजना तर्जुमा तथा छनौट प्रक्रिया**

- कार्यालयले माग भएका सबै आयोजना/कार्यक्रम क्षेत्रगत रुपमा छुट्याई सूची तयार गर्ने,
- निर्माणाधीन एवम् क्रमागत आयोजना/कार्यक्रमको समेत छुट्टै सूची तयार गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

- माग भएका मध्ये यस कार्यविधिको अधीनमा रही देहायका सूचक अनुसार प्रदेशस्तरीय आयोजना/कार्यक्रम छनौटको आधारमा पर्ने वा नपर्ने चिन्ह लगाउने,

(प्रस्तावित) आयोजना/कार्यक्रमको विवरणः-
(कार्यान्वयन गर्ने) सम्बन्धित कार्यालयः-

| सि.नं. | सूचक | छ | छैन | पुष्ट्याई/ आधार |
|---|---|---|---|---|
| १. | प्रदेश सरकारको कार्यक्षेत्र अन्तरगत पर्ने | | | |
| २. | आयोजनाको लागत अनुमान (न्यूनतम तथा अधिकतम) तोकिएको सीमा भित्र पर्ने | | | |
| ३. | दुई वा सो भन्दा बढी स्थानीय तहलाई प्रभावित गर्ने/लाभ पुऱ्याउने | | | |
| ४. | प्रदेशको आवधिक योजनाको लक्ष्य र उद्देश्य अनुसार नतिजा प्राप्तिमा योगदान पुऱ्याउने | | | |
| ५. | आयोजनाको पूर्वसम्भाव्यता अध्ययन भएको/जग्गाको उपलब्धता | | | |
| ६. | आयोजना प्रस्तावित स्थानमा सोही प्रकृतिको आयोजना सञ्चालन (निर्माणाधीन)मा रहेको (जिल्ला वा भौगोलिक क्षेत्रगत विकास सन्तुलन गर्नका लागि) | | | |
| ७. | संघ/स्थानीय तहको कार्यक्षेत्रमा पर्ने | | | |
| ८. | संघ वा स्थानीय तहबाट सञ्चालित आयोजनासँग दोहोरो पर्ने | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | |
|---|---|---|---|---|
| ९. | बजेटको उपलब्धता (निर्माणाधीन आयोजनालाई पर्याप्त बजेट विनियोजन गरेपछि कार्यालयको वार्षिक बजेट सीमा भित्र नयाँ आयोजना/कार्यक्रम समावेश गर्न सकिने अवस्था) | | | |
| १०. | जनशक्तिको अवस्था (निर्माणाधीन आयोजना समेत कार्यान्वयन गर्न र प्रस्तावित आयोजना कार्यान्वयन गर्न कार्यालयसँग जनशक्ति एवम् स्रोत साधनको उपलब्धता) | | | |

- माग भएको आयोजना वा कार्यक्रमको आवश्यकता एवम् सान्दर्भिकताको विषयमा थप जानकारी लिन आवश्यक भएमा सम्बन्धित स्थानीय तह वा प्रस्ताव गर्ने निकाय/कार्यालयबाट धारणा राख्न लगाउने,
- माथिको तालिका अनुसार विश्लेषण गरी प्रदेशस्तरीय आयोजना वा कार्यक्रमको रुपमा उपयुक्त देखिएको नयाँ आयोजना/कार्यक्रमलाई पुनः सूचीकृत गर्ने र प्राथमिकताका आधारमा क्रमबद्ध रुपमा टिपोट गर्ने,
- निर्माणाधीन एवम् क्रमागत आयोजनालाई आगामी बजेट तथा कार्यक्रममा समावेश गर्न छनौट गरी आवश्यक बजेट समेत अनुमान गर्ने,
- प्रदेशको आयोजना बैंकमा समावेश भएका सम्बन्धित जिल्लामा पर्ने आयोजनाहरुलाई आगामी वर्षको बजेट तथा कार्यक्रममा समावेश गर्न आवश्यक बजेटको अनुमान गर्ने,
- सम्बन्धित कार्यालयको बजेट सीमा र क्षमतालाई मध्यनजर गर्दै नयाँ आयोजना/कार्यक्रमलाई आयोजना बैंकमा समावेश गर्न प्रस्ताव तयारीका लागि एवम् आगामी वर्षको बजेटमा समावेश गर्न छनौट गरी अन्तिमरुप दिने।
- आगामी वर्षको बजेटमा समावेश गरिने निर्माणाधीन एवम् क्रमागत आयोजना, बजेटमा समावेश गरिने नयाँ आयोजना र आयोजना बैंकमा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

समावेश गर्न प्रस्ताव तयार गरिने आयोजनाको सूचीलाई कार्यक्रमका संयोजक, मन्त्रालय तथा निर्देशनालयका प्रतिनिधि, उपस्थित प्रदेश सभा सदस्य र कार्यालय प्रमुखले दस्तखत गरी प्रमाणित गर्नुपर्नेछ।

- प्रदेश योजना आयोगले आयोजना तर्जुमा गोष्ठीबाट छनौट गरिएका सबै आयोजना/कार्यक्रमको विवरण संकलन गर्नुपर्नेछ। त्यस्तो विवरण प्रदेशका सम्बन्धित मन्त्रालय वा निकायमा पनि पठाउनुपर्नेछ।
- जिल्लास्थित कार्यालय नभएका मन्त्रालय वा निकायहरुसँग सम्बन्धित आयोजना वा कार्यक्रम आयोजना तर्जुमा गोष्ठीमा छनौट गरिएको भए सम्बन्धित मन्त्रालय वा निकायमा पठाउन प्रदेश योजना आयोगले समन्वय गर्नुपर्नेछ।
- आयोजना तर्जुमा गोष्ठीबाट छनौट भई आएको आएका आयोजना/कार्यक्रमलाई मात्र आयोजना बैंकमा एवम् बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्नेछ।

आर्थिक मामिला तथा योजना मन्त्रालयले आयोजना तर्जुमा गोष्ठीमा सहभागीहरुबाट प्रस्तुत भएका सुझावहरुलाई टिपोट गरी विषयक्षेत्रगत रुपमा एकीकृत गरेर बजेट तर्जुमा अघि प्रदेशका सम्बन्धित मन्त्रालय/निकायलाई कार्यान्वयनका लागि पठाउनुपर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची -९

### (दफा ५ को उपदफा (५) सँग सम्बन्धित)

### <u>आयोजना तर्जुमा गोष्ठीबाट छनौट भएका आयोजनाको विवरण</u>

कार्यालयको नाम/विषयक्षेत्रः-

जिल्लाः- प्रदेश निर्वाचन क्षेत्रः-

| प्राथमिकता क्रम | आयोजना/ कार्यक्रमको नाम | गा.पा./न.पा | अनुमानित लागत | संघबाट हस्तान्तरण भएका प्रदेशस्तरीय आयोजना | स्थानीय तहबाट प्रदेशस्तरीय आयोजनाको रुपमा सिफारिस भएको | प्रदेशको कार्यक्षेत्रमा परेको | सम्भाव्यता अध्ययन भएको | एकभन्दा बढी स्थानीय तहलाई लाभ पुग्ने | प्रदेशको आवधिक योजनामा योगदान गर्ने (नतिजा खाका नं.) | प्रदेश परियोजना बैंकमा परेको | स्थानीय तहमा हस्तान्तरणका लागि प्रस्तावित कार्यक्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची -१०
### (दफा ५ को उपदफा (६) सँग सम्बन्धित)
### आयोजना प्रस्ताव (Project Proposal) को ढाँचा

प्रस्ताव तयार गर्ने कार्यालयको नामः

१. आयोजनाको परिचय
- आयोजनाको नाम
- लक्ष्य
- उद्देश्य
- कार्यान्वयन अवधि- सुरु आ.व. समाप्ति आ.व.
- कार्यान्वयन हुने क्षेत्र- जिल्ला गाउपालिका/नगरपालिका

२. आयोजनाको कुल लागत
- विकास तथा निर्माण लागत
- सञ्चालन लागत
- अन्य लागत

३. वित्तीय स्रोत

४. अपेक्षित प्रतिफल

५. आयोजनाको प्रमुख क्रियाकलाप

६. आयोजनाको वित्तीय र आर्थिक विश्लेषण

७. आयोजना कार्यान्वयन तथा खर्च योजना

८. आयोजना कार्यान्वयनमा आवश्यक जनशक्ति र प्रमुख निर्माण सामग्री

९. आयोजना सञ्चालन प्रस्ताव

१०. सञ्चालन प्रबन्ध
- खर्चको अनुमान (करिब ३ वर्षको)
- उपभोक्ताबाट सञ्चालन गरिने भए प्रदेश सरकारको सहयोग आवश्यक पर्ने वा नपर्ने
- सम्भावित आय आर्जन (कम्तीमा ३ वर्षको)

कार्यालय प्रमुखको नामः

दस्तखतः

मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची -११
### (दफा ५ को उपदफा (७) सँग सम्बन्धित)
### आयोजना मूल्याङ्कन तथा विश्लेषणको ढाँचा

(क)आयोजनाको पृष्ठभूमि

१. आयोजनाको लगानी योग्यता र औचित्यता मापनको आधार

२. आयोजना छनौट (स्वीकृत वा अस्वीकृत गर्ने औजार)

३. विधि

- आर्थिक औचित्यता
- लाभ लागत विश्लेषण
- लागत प्रभावकारीता

(ख)आर्थिक विश्लेषण

१. आयोजनाको उद्देश्य र आर्थिक औचित्यता

२. आर्थिक लागत विश्लेषण

३. लाभ मापन गर्न सकिने आयोजना

- लाभ लागत विश्लेषण

४. लागत मापन गर्न नसकिने आयोजना

- लागत प्रभावकारीता विश्लेषण (न्यूनतम लागत)

५. निश्कर्ष र सुझाव

(ग)लागत लाभ विश्लेषण

१. आयोजना हुँदा र नहुँदाको अवस्था

२. विश्लेषण विधि

३. आर्थिक खुद वर्तमान मूल्य (Economic Net Present Value)

४. आर्थिक आन्तरिक प्रतिफल दर (Economic Internal Rate of Return)

५. लागत लाभ अनुपात (Cost Benefit Ratio)

६. संवेदनशीलता विश्लेषण (Sensitivity Analysis)

७. वितरणात्मक विश्लेषण (Distributive Analysis)



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

८. लागत प्रभावकारिता विश्लेषण

(घ) वित्तीय विश्लेषण

१. आयोजनाको पूँजीगत लगानी, सञ्चालन र वित्तीय लागत अनुमान

२. राजस्व सिर्जना गर्ने आयोजना

- राजस्व अनुमान लागत लाभ विश्लेषण

३. राजस्व सिर्जना नगर्ने आयोजना

- वित्तीय दिगोपना विश्लेषण

(ङ)निश्कर्ष र सुझाव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची -१२

(दफा ५ को उपदफा (१०) सँग सम्बन्धित)

## आयोजना प्रस्ताव एवम् छनौट कार्यप्रक्रिया

१.आयोजना तथा कार्यक्रम माग वा प्रस्ताव गर्दा मूलतः आर्थिक, समाजिक, पूर्वाधार विकास सम्बन्धी आयोजना/कार्यक्रमहरु माग गर्नुपर्नेछ। जसमाः

- संघीय सरकारबाट हस्तान्तरण भएका प्रदेशस्तरीय योजना/कार्यक्रम
- स्थानीय तहबाट प्रदेशस्तरीय योजनाको रुपमा सिफारिस भएका,
- प्रदेशको कार्यक्षेत्रमा परेका,
- सम्भाव्यता अध्ययन भएका,
- एक भन्दा बढी स्थानीय तहलाई समेट्ने पुग्ने,
- प्रदेशको आवधिक योजना तथा क्षेत्रगत गुरुयोजनामा प्राथमिकतामा परेका,
- प्रदेश योजना बैंकमा समावेश भएका,
- स्थानीय तहमा वित्तीय हस्तान्तरणका कार्यक्रमहरु पर्नेछन्।

२. स्थानीय तह वा अन्तरस्थानीय तहले खासगरी कृषि, सामाजिक (शिक्षा, स्वास्थ्य, खेलकुद), पर्यटन, पूर्वाधार, खानेपानी, सिंचाई विषयसँग सम्बन्धित आयोजनाहरु बढीमा ५ वटासम्म प्रदेशस्तरीय योजना प्रस्ताव गर्न सक्नेछन्।

नोटः प्रदेशस्तरीय आयोजना भन्नाले-

- संविधानले प्रदेशको एकल अधिकारमा तोकेका विषयहरु,
- विकास आयोजना वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्डले प्रदेश सरकारको कार्यक्षेत्र भनी तोकेका,
- प्रदेश कानूनले प्रदेशको कार्य जिम्मेवारीमा पर्ने भनी निर्धारण गरेका विषयहरु,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

- यस कार्यविधि अनुसारको तोकेको निश्चित रकम (लागत/बजेट सीमा) सम्मका आयोजना तथा कार्यक्रम।

२.आयोजना तथा कार्यक्रम माग वा प्रस्ताव गर्दा सम्बन्धित मन्त्रालयले तोकेको ढाँचा अनुसारको फारम भरी आयोजना तर्जुमा गोष्ठी हुनु भन्दा अगावै सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ।

३.आयोजना वा कार्यक्रम छनौट गर्दा देहायको प्रक्रिया अबलम्बन गर्नुपर्नेछः-

**(क) नयाँ आयोजनाको हकमाः-**

१. जिल्लास्थित कार्यालयमा माग भएका आयोजना संकलन गर्ने-

- माग फारम भरेर स्थानीय तहको सिफारिस सहित कार्यालयमा पेश गर्न लगाउने,
- मन्त्रालय वा तालुक निकायमा माग भएका आयोजनाको विवरण वा कागजात पनि सम्बन्धित कार्यालयमा पठाउने र कार्यालयले नै सूची तयार गर्ने।
- जिल्लास्थित कार्यालय नभएको हकमा मन्त्रालय वा निकायमा माग संकलन गर्ने। आयोजना तर्जुमा गोष्ठीमा सम्बन्धित जिल्लामा छलफल हुँदा मन्त्रालय वा निकायले छलफलमा पेश गर्ने वा प्रदेश योजना आयोग मार्फत पेश गर्न लगाउनुपर्नेछ।

२. माग भएका एवम् संकलन गरिएका आयोजना सूची कार्यालयले आयोजना तर्जुमा गोष्ठीमा पेश गर्ने र सो मध्येबाट आयोजना तर्जुमा गोष्ठीमा छलफल गरी छनौट गर्ने,

३. छनौट भएका आयोजना पहिचानको कार्य (पहिलो चरणको कार्य) कार्यालयले गरी आयोजना प्रस्ताव मन्त्रालयमा पेश गर्ने। सो प्रस्तावका आधारमा सम्बन्धित मन्त्रालयले आयोजना विश्लेषण गरी आयोजना बैंक सूचना प्रणालीमा प्रविष्टि गर्ने,

४. सम्बन्धित मन्त्रालय र प्रदेश योजना आयोगले स्वीकृति दिए पश्चात् दोस्रो चरणको कार्य (विस्तृत सम्भाव्यता अध्ययन लगायतका कार्य) अघि बढाउने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

५. विस्तृत परियोजना प्रतिवेदन तयार भएपछि सबै सूचकका आधारमा आयोजना प्राथमिककीकरण गर्ने

६. आयोजना बैंकमा प्रविष्टि कार्य अन्तिम चरणमा पुगेको आयोजनालाई मध्यमकालीन खर्च संरचना र बजेट तथा कार्यक्रममा समावेश गरेर कार्यान्वयन गर्दै लैजाने।

**(ख) निर्माणाधीन वा क्रमागत आयोजनाको हकमाः-**

१. कार्यान्वयन अवस्थाको बारेमा कार्यालयले विवरण तयार गरी आयोजना तर्जुमा गोष्ठीमा पेश गर्ने,

२. निरन्तरता दिन पर्ने भएमा आगामी वर्षको कार्यक्रममा समावेश गर्न छनौट गर्ने,

३. आयोजना बैंकमा विवरण अद्यावधिक गर्ने (आयोजना बैंकमा समावेश नभएको भए समावेश गर्न प्रणालीमा विवरण भर्ने)

४. आगामी आर्थिक वर्ष र त्यसपछिका आ.व.हरुमा आवश्यक पर्ने बजेटको खाका तयार गरी पेश गर्ने,

५. मध्यमकालीन खर्च संरचनामा समावेश गरी आगामी वर्षको बजेट तथा कार्यक्रममा समावेश गर्ने।

नोटः यस अन्तरगत मर्मतसम्भार गर्नुपर्ने आयोजनाहरुलाई समेतलाई छनौट गरी समावेश गर्नुपर्नेछ।

**(ग) प्रदेश गौरवका आयोजना वा दीर्घकालीन महत्वका आयोजनाको हकमाः-**

१. कार्यालय वा निर्देशनालयको समन्वयमा विषयगत मन्त्रालयले आयोजना प्रस्ताव तयार गर्नुपर्ने। सम्बन्धित विषयगत मन्त्रालयबाट सम्भाव्यता अध्ययन लगायतका कागजातको अध्ययनबाट मूल्याङ्कन एवम् विश्लेषण गरिएका आयोजनालाई प्रदेश योजना आयोगको सिफारिसमा प्रदेश गौरवको आयोजनाको रुपमा प्रदेश सरकारले स्वीकृत गर्ने।

२. सम्बन्धित विषयगत मन्त्रालयबाट विस्तृत सम्भाव्यता अध्ययन सहित आयोजना बैंकमा समावेश गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

३. आगामी वर्षको बजेट तथा कार्यक्रममा समावेश गर्न सम्बन्धित कार्यालयमा पठाउने,

४. क्रमागत आयोजनाको हकमा आयोजनाको प्रगति अवस्था आयोजना तर्जुमा गोष्ठीमा प्रस्तुत गर्ने,

५. आगामी वर्षको र त्यसपछिका आ.व.हरुको लागि आवश्यक पर्ने रकमको खाका तयार गरी पेश गर्ने,

६. आयोजना बैंकमा विवरण अद्यावधिक गर्ने, मध्यमकालीन खर्च संरचना र बजेट तथा कार्यक्रममा समावेश गर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची -१३

(दफा ५ को उपदफा (१०) सँग सम्बन्धित)

## प्रदेशस्तरीय आयोजना/कार्यक्रम छनौटको आधार एवम् मापदण्ड

**(क) प्रदेशस्तरीय आयोजना तथा कार्यक्रम छनौट गर्दा देहायको विषयहरुलाई आधार लिनुपर्नेछ।**

१.नेपालको संविधानः-

- मौलिक हकको सुनिश्चितताका लागि प्रदेश सरकारले गर्नुपर्ने कार्यहरु,
- राज्यका नीतिहरुको कार्यान्वयन गर्न प्रदेशको कार्यक्षेत्रका कार्यहरु,
- अनुसूची-६ प्रदेशको एकल अधिकारसूचीका कार्यहरु,
- अनुसूची-७ संघ र प्रदेशको साझा अधिकार सूची एवम् अनुसूची-९ संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूची अनुसार प्रदेशले गर्नुपर्ने कार्यहरु,
- कार्यविस्तृतीकरण प्रतिवेदन अनुसार प्रदेशले सम्पादन गर्नुपर्ने कार्यहरु आदि।

२. आवधिक योजनाको रणनीति, कार्यनीति, नतिजा खाका अन्तरगतका कार्यक्रमहरु

३. क्षेत्रगत नीति तथा कानून कार्यान्वयन गर्ने सम्बन्धी कार्यहरु

४. प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ अनुसार तोकिएको कार्यहरु

५. राष्ट्रिय नीति, अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा नेपालको प्रतिवद्धता अनुसार प्रदेशले सम्पादन गर्नुपर्ने कार्यहरु, प्रतिवद्ध दायित्व, सम्झौता वा प्रतिवद्धता जनाईएका कुराहरु,

६. सरकारले तय गरेका विभिन्न दिवसका नारा एवम् उद्देश्य अनुसार नतिजा हासिल गर्ने कार्यहरु

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

७. सरकारको नीति तथा कार्यक्रम, सरकारमा रहेका दलहरुको न्यूनतम साझा कार्यक्रम आदि।

**(ख) प्रदेशस्तरीय आयोजना तथा कार्यक्रम छनौट देहायको आधार एवम् मापदण्ड अनुसार गर्नुपर्नेछः-**

**१.कृषि तथा पशुपंक्षी विकास**

- उत्पादन केन्द्रीत कृषि तथा पशुपन्छी फार्म/केन्द्रहरु
- उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने कार्यहरु
- कृषि क्षेत्रको व्यावसायीकरण र बजारीकरण सम्बन्धी कार्यक्रम
- बीउ आपूर्ति र नियमन
- प्रदेश आवधिक योजनाको नतिजा खाका (अनुसूची)मा उल्लेखित कार्यक्रमहरु
- प्रदेशको कार्यक्षेत्रमा पर्ने अन्य आयोजना/कार्यक्रमहरुः-
  - ➢ कृषि तथा पशुपन्छी विकास सम्बद्ध पुर्वाधार विकास आयोजना
  - ➢ प्रादेशिक कृषि बजार निर्माण आयोजना
  - ➢ प्रादेशिक पशु बधशालम निर्माण आयोजना
  - ➢ कृषि उपजको मूल्य अभिबृद्धि पुर्वधार निर्माण आयोजना
  - ➢ चिस्यानकेन्द्र एवम् कोल्डस्टोर निर्माण आयोजना
  - ➢ कृषि तथा पशुपन्छीजन्य उपज भण्डारण/प्रशोधनकेन्द्र निर्माण आयोजना
  - ➢ खाद्यान्न उत्पादन तथा खाद्यान्नको वीउ उत्पादन प्रवर्द्धन आयोजना
  - ➢ कृषि यान्त्रिकिकरण प्रवर्द्धन आयोजना
  - ➢ तरकारी खेती प्रवर्द्धन तथा बजारिकरण आयोजना
  - ➢ फलफूल खेती प्रवर्द्धन तथा बजारिकरण आयोजना
  - ➢ मसलाबाली प्रवर्द्धन, मूल्य अभिबृद्धि तथा बजारिकरण आयोजना
  - ➢ औद्योगिक बाली प्रवर्द्धन तथा बजारिकरण आयोजना

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

- धानबाली उत्पादन तथा बजार प्रवर्द्धन आयोजना
- मकैबाली उत्पादन तथा बजार प्रवर्द्धन आयोजना
- दुध उत्पादन प्रवर्द्धन आयोजना
- दुध तथा दुग्ध पदार्थ प्रसोधन तथा बजारिकरण आयोजना
- बाख्रापालन प्रवर्द्धन आयोजना
- बंगुरपालन प्रवर्द्धन आयोजना
- मासु तथा मासुजन्य पदार्थ प्रसोधन तथा बजारिकरण आयोजना
- अण्डा उत्पादन तथा बजारिकरण आयोजना
- पशुपन्छीको श्रोतकेन्द्र विकास आयोजना
- फलफूल तथा तरकारीको श्रोत केन्द्र विकास आयोजना
- पशु स्वास्थ्य प्रवर्द्धन आयोजना
- पशु नश्ल सुधार आयोजना
- मत्स्यपालन प्रवर्द्धन आयोजना
- मत्स्य तथा मत्स्यजन्य पदार्थ प्रसोधन तथा बजारिकरण प्रवर्द्धन आयोजना
- रैथानेबाली उत्पादन प्रवर्द्धन आयोजना
- जैविक तथा प्राङ्गारीक मल उत्पादन प्रवर्द्धन आयोजना
- प्राङ्गारीक खेती प्रवर्द्धन आयोजना
- तेलहनबाली प्रवर्द्धन आयोजना
- दलहनबाली प्रवर्द्धन आयोजना
- जुट खेती प्रवर्द्धन आयोजना
- रबर खेती प्रवर्द्धन आयोजना आदि।

**२. स्वास्थ्य, पोषण र जनसंख्या**

- साविकमा रहेका क्षेत्रीय, उपक्षेत्रीय तथा अञ्चल अस्पताल र आयुर्वेद चिकित्सालय
- खोप, औषधि, उपकरणको सञ्चालन
- स्थानीय तहहरुबीच स्वास्थ्य सेवाको समन्वय



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

- प्रादेशिक स्तरको जनसांख्यिक सूचना व्यवस्थापन, क्षमता विकास तथा अध्ययन
- प्रदेश आवधिक योजनाको नतिजा खाका (अनुसूची)मा उल्लेखित कार्यक्रमहरु
- प्रदेशको कार्यक्षेत्रमा पर्ने अन्य आयोजना/कार्यक्रमहरुः-
  - ➢ प्रादेशिक तथा जिल्ला अस्पतालहरुको स्थापना र सञ्चालन
  - ➢ अस्पतालहरुको स्तरोन्नति, सेवा विस्तार
  - ➢ प्रादेशिक तथा जिल्ला आयुर्वेदिक अस्पताल
  - ➢ स्वास्थ्य तालिम केन्द्र र प्रदेश प्रयोगशाला
  - ➢ स्वास्थ्य संस्थाहरुको स्थापना, सञ्चालन स्तरोन्नति
  - ➢ खोप, औषधि उपकरणको आपूर्ति र व्यवस्थापन
  - ➢ महिला र वालवालिकाको पोषण प्रवर्द्धन
  - ➢ सर्ने र नसर्ने रोगको रोकथाम र व्यवस्थापन
  - ➢ आपतकालीन स्वास्थ्य व्यवस्थापन
  - ➢ मातृ तथा बाल स्वास्थ्य प्रवर्द्धन
  - ➢ खानेपानी, सरसफाई र वातावरणीय स्वास्थ्य निगरानी कार्यक्रम
  - ➢ आयुर्वेदिक औषधि व्यवस्थापन र प्रवर्द्धन
  - ➢ योग तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम
  - ➢ स्वास्थ्य तथा पोषण, जेष्ठ नागरिक स्वास्थ्य
  - ➢ अस्पतालको फोहोर व्यवस्थापन
  - ➢ स्वास्थ्य प्रवर्द्धनका कार्यक्रम,
  - ➢ विद्युतीय स्वास्थ्य अभिलेख आदि।

**३. शिक्षा, विज्ञान तथा प्रविधि**

- विद्यालय तहका शिक्षकहरुको तालिम सम्बन्धी कार्य
- व्यवसायिक शिक्षा तथा प्राविधिक तालिम
- पोलिटेक्निक सञ्चालन

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

- नमूना विद्यालय विकास
- विशेष (अपाङ्गता भएका बालबालिकाहरुका लागि) आवासीय विद्यालय
- विज्ञान संग्रहालय तथा अनुसन्धान केन्द्रहरु
- सामुदायिक पुस्तकालयहरुको सञ्चालन
- माध्यमिक तह कक्षा १० को (एस ई ई) परीक्षा सञ्चालन
- शिक्षक सेवा आयोगबाट प्रत्यायोजित कार्यहरु
- प्रदेशस्तरीय शैक्षिक तथ्याङ्क विकास
- प्रदेश आवधिक योजनाको नतिजा खाका (अनुसूची)मा उल्लेखित कार्यक्रमहरु
- प्रदेशको कार्यक्षेत्रमा पर्ने अन्य कार्यक्रमहरु

**४. महिला, बालबालिका तथा जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको लागि**

- प्रदेशस्तरका महिला विकास कार्यक्रम
- महिला सचेतना तथा विकास सम्बन्धी तालिम तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम
- प्रदेशस्तरका वृद्धाश्रम र बालग्राम व्यवस्थापन तथा अनुगमन
- अपाङ्गता पुनर्स्थापना कार्यक्रम, अपाङ्गताग्राम
- प्रदेश आवधिक योजनाको नतिजा खाका (अनुसूची)मा उल्लेखित कार्यक्रमहरु
- प्रदेशको कार्यक्षेत्रमा पर्ने अन्य कार्यक्रमहरु

**५. युवा तथा खेलकुद**

- युवा बैज्ञानिक प्रोत्साहन
- युवा सम्बन्धी प्रादेशिक नीति, कानून, कार्यक्रम कार्यान्वयन सम्बन्धी
- राष्ट्रिय विकास स्वयंसेवक परिचालन
- स्काउट सम्बन्धी कार्यहरु

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

- प्रदेशस्तरमा खेलकुद विकास तथा प्रादेशिक पूर्वाधारहरुको विकास, निर्माण र स्तरोन्नति
- प्रदेशिक खेलकुद प्रतियोगिताको आयोजना तथा सहभागिता
- प्रदेश आवधिक योजनाको नतिजा खाका (अनुसूची)मा उल्लेखित कार्यक्रमहरु
- प्रदेशको कार्यक्षेत्रमा पर्ने अन्य कार्यक्रमहरु

**६. खानेपानी तथा सरसफाई आयोजना**

- प्रदेशस्तरमा आधारभूत खानेपानी उत्पादन, प्रशोधन र वितरण सम्बन्धी कार्यहरु
- प्रदेशस्तरका खानेपानी आयोजनाहरु
  (तराई मधेशमा ५ देखि १५ हजार,
  पहाडी क्षेत्रमा ३ देखि ५ हजार र
  हिमाली क्षेत्रमा ५ सय देखि १ हजार सम्मको जनसंख्यालाई खानेपानी सेवा पुऱ्याउने आयोजना)
- एकभन्दा बढी स्थानीय तहलाई प्रभाव पार्ने खानेपानी आयोजनाहरु
- दुर्गम तथा ग्रामीण क्षेत्रमा स्वच्छ खानेपानी उपलब्ध गराउने आयोजनाहरु
- फोहोरमैला व्यवस्थापन तथा प्रशोधन
- प्रदेश आवधिक योजनाको नतिजा खाका (अनुसूची)मा उल्लेखित कार्यक्रमहरु
- प्रदेशको कार्यक्षेत्रमा पर्ने अन्य कार्यक्रमहरु

**७. उर्जा, जलस्रोत तथा सिंचाई**

- मझौला प्रकृतिका सिंचाई आयोजनाको अध्ययन अनुसन्धान, गुरुयोजना तयारी, निर्माण एवम् व्यवस्थापन



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(तराई मधेशमा २०० हेक्टर देखि ५००० हेक्टर सम्म,
पहाडी क्षेत्रमा ५० हेक्टरदेखि १०० हेक्टर सम्म र
हिमाली क्षेत्रमा २५ देखि ५० हेक्टरसम्मका सिंचाई आयोजनाहरु)

- एकभन्दा बढी स्थानीय तहसँग सम्बन्धित सिंचाई आयोजनाहरुको निर्माण
- भूमिगत जल सिंचाई अन्तरगत मेशिन ड्रिल ट्युबवेल तथा डिप ट्युबवेल सिंचाई आयोजनाहरु
- नयाँ प्रविधिमा आधारित एकीकृत नदी तथा जलाधार व्यवस्थापन सम्बन्धी आयोजनाहरु
- मझौला प्रकृतिका नदीहरु (महाभारत पहाड र चुरे पहाडबाट उद्गम भई बग्ने नदी) नियन्त्रण/व्यवस्थापन
- पहिरो नियन्त्रण तथा व्यवस्थापन
  (लम्बाई १०० मिटर देखि २०० मिटरसम्म,
  फेदको चौडाई ५० मिटर देखि १०० मिटर तथा
  कुल क्षेत्र ५००० देखि २०००० वर्गमिटर सम्मका पहिरो नियन्त्रण तथा व्यवस्थापन)
- प्रदेशस्तरीय जलविद्युत आयोजनाहरु (३ मेगावाट भन्दा माथि २० मेगावाट सम्मका)
- सौर्य उर्जा प्रणाली आयोजना (३ मेगावाट भन्दा माथि २० मेगावाटसम्मका)
- विद्युत प्रसारण लाईन निर्माण (११ के.भी. देखि ३३ के.भी. भन्दा साना प्रसारण लाईन)
- ग्रामीण तथा सामुदायिक विद्युतीकरण
- नवीकरणीय उर्जा
- प्रदेश आवधिक योजनाको नतिजा खाका (अनुसूची)मा उल्लेखित कार्यक्रमहरु

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

- प्रदेशको कार्यक्षेत्रमा पर्ने अन्य आयोजना/कार्यक्रमहरु

**८. सडक पूर्वाधार तथा यातायात**

- प्रादेशिक लोकमार्ग (राष्ट्रिय लोकमार्ग/राजमार्गमा समावेश नभएका र स्थानीय सडक सञ्जाल भनी परिभाषित नगरिएका सडकहरु) को विकास तथा विस्तार
- साविक रणनीतिक सडक सञ्जाल अन्तरगतका सहायक (१० कि.मी. भन्दा बढी लम्बाई भएका) मार्गहरु
- प्रदेश राजधानीलाई स्थानीय तहको मुख्य प्रशासनिक केन्द्रसँग जोड्ने मुल सडकहरु
- दुई वा दुईभन्दा बढी स्थानीय तहका केन्द्रहरु जोड्ने सडकहरु
- साविकका स्थानीय पूर्वाधार तथा कृषि सडक विभागबाट भईरहेका कार्यहरु (संरचना समेत)
- प्रादेशिक लोकमार्गमा पर्ने तथा अन्य सडक पुल, झोलुङ्गे पुलहरु
- प्रादेशिक लोकमार्गको यातायात तथा सडक सुरक्षा सम्बन्धी कार्यहरु
- यातायात कम्पनी दर्ता, नवीकरण र सवारी साधन
- प्रदेश आवधिक योजनाको नतिजा खाका (अनुसूची)मा उल्लेखित कार्यक्रमहरु
- प्रदेशको कार्यक्षेत्रमा पर्ने अन्य आयोजना/कार्यक्रमहरु

**९. पर्यटन तथा संस्कृति**

- प्रदेशस्तरका पर्यटकीय पूर्वाधार विकास
- भाषा, लिपी, संस्कृति, ललितकला र धार्मिक सम्पदा संरक्षण
- प्रदेश संग्रहालय
- संस्कृति तथा पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यहरु
- प्रदेश आवधिक योजनाको नतिजा खाका (अनुसूची)मा उल्लेखित कार्यक्रमहरु
- प्रदेशको कार्यक्षेत्रमा पर्ने अन्य आयोजना/कार्यक्रमहरु

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

**१०. शहरी विकास**

- प्रदेश भित्रको शहरी विकास आयोजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मतसम्भार
- प्रदेश अन्तरगतका आवास तथा भवन सम्बन्धी आयोजनाहरुको कार्यान्वयन र मार्गनिर्देशन
- प्रादेशिक राजधानी र अन्तर स्थानीय शहरको आयोजना तर्जुमा, कार्यान्वयन तथा संयोजन
- लक्षित आवास कार्यक्रमको नीति, आयोजना र कार्यान्वयन
- प्रदेशस्तरका एकीकृत बस्ती विकास
- प्रदेश तहका सरकारी भवन निर्माण तथा मर्मतसम्भार
- आधुनिक, बहुउपयोगी सम्मेलन केन्द्रहरुको निर्माण, सञ्चालन तथा मर्मसम्भार
- प्रदेश आवधिक योजनाको नतिजा खाका (अनुसूची)मा उल्लेखित कार्यक्रमहरु
- प्रदेशको कार्यक्षेत्रमा पर्ने अन्य कार्यक्रमहरु

**११. वन, वातावरण संरक्षण**

- एकभन्दा बढी स्थानीय तहमा फैलिएको सामुदायिक र कबुलियती वन व्यवस्थापन
- जडिबुटी विकास, उत्पादन, बजारीकरण र प्रवर्द्धन
- भू तथा जलाधार संरक्षण
- वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक संग्रहालय व्यवस्थापन
- प्रदेशस्तरीय चिडियाखाना व्यवस्थापन
- प्रदुषण नियन्त्रण तथा अनुगमन
- वन तथा वातावरण सम्बन्धी तालिम
- जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रमहरु

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

- विरुवा उत्पादन तथा वृक्षारोपण
- हरित उद्यम स्थापना तथा सञ्चालन (काष्ठ, गैर काष्ठ र पर्यापर्यटन)
- डढेलो नियन्त्रण तथा व्यवस्थापन
- प्रकृतिमा आधारित पर्यटनका प्रदेशस्तरीय आयोजनाहरु
- वन तथा वन्यजन्तु अपराध नियन्त्रण
- वन्यजन्तु पालन, कृषि वन
- सडक तथा नदीकिनार वृक्षारोपण र व्यवस्थापन
- प्रदेश आवधिक योजनाको नतिजा खाका (अनुसूची)मा उल्लेखित कार्यक्रमहरु
- प्रदेशको कार्यक्षेत्रमा पर्ने अन्य कार्यक्रमहरु

**१२. श्रम, रोजगार तथा सामाजिक सुरक्षा**

- सीप विकास सम्बन्धी क्षमता विकास/तालिम र रोजगार प्रवर्द्धन
- आन्तरिक रोजगारी प्रवर्द्धन
- प्रदेश आवधिक योजनाको नतिजा खाका (अनुसूची)मा उल्लेखित कार्यक्रमहरु
- प्रदेशको कार्यक्षेत्रमा पर्ने अन्य कार्यक्रमहरु

**१३. सञ्चार तथा सूचना प्रविधि**

- १०० वाटदेखि १००० वाटसम्मको एफएम, रेडियो र केबुल टेलिभिजनको फिक्वेन्सी प्राप्ति पश्चातको सञ्चालन अनुमति, नामाकरण र नियमन
- प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडव्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन
- प्रदेश भित्र सञ्चार ग्राम सञ्चालन, व्यवस्थापन र नियमन

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

- प्रदेशस्तरका सूचना प्रविधि पार्कको योजना, निर्माण, व्यवस्थापन र नियमन
- प्रदेश आवधिक योजनाको नतिजा खाका (अनुसूची)मा उल्लेखित कार्यक्रमहरु
- प्रदेशको कार्यक्षेत्रमा पर्ने अन्य कार्यक्रमहरु

## १४. उद्योग, वाणिज्य तथा आपूर्ति

- ग्रामीण उद्यम (लघु तथा घरेलु समेत) तथा उद्यमशीलता प्रवर्द्धन
- आन्तरिक बजार विकास र सोको लागि आवश्यक सीप विकास
- लघु, घरेलु तथ साना उद्योग दर्ता, नवीकरण खारेजी, नियमन, विकास र प्रवर्द्धन
- औद्योगिक ग्रामहरुको स्थापना र सञ्चालन
- व्यापार सूचना तथा निकासी प्रवर्द्धन
- उद्यमशीलता, व्यवसायिक सीप विकास र तालिम
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम
- स्थानीय तहमा उपभोग्य वस्तुको माग आपूर्ति विश्लेषण
- प्रदेश आवधिक योजनाको नतिजा खाका (अनुसूची)मा उल्लेखित कार्यक्रमहरु
- प्रदेशको कार्यक्षेत्रमा पर्ने अन्य कार्यक्रमहरु

## १५.भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण

- मुक्त कमैया तथा हलिया लगायत गरीब लक्षित विशिष्टीकृत कार्यक्रम
- गुठी व्यवस्थापन
- दुई वा सो भन्दा बढी स्थानीय तहमा कार्यक्षेत्र रहेका सहकारीको नियमन
- प्रदेशभित्रका सहकारीको क्षमता विकास



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

- प्रदेश आवधिक योजनाको नतिजा खाका (अनुसूची)मा उल्लेखित कार्यक्रमहरु
- प्रदेशको कार्यक्षेत्रमा पर्ने अन्य कार्यक्रमहरु।

**१६. शासकीय व्यवस्था एवम् सुशासन**

- प्रादेशिक शासन प्रणाली र अन्तरप्रदेश समन्वय
- सुशासन प्रवर्द्धन तथा शासकीय सुधार
- वस्तु तथा सेवाको उत्पादन र उत्पादकत्व वृद्धि सम्बन्धी
- प्रादेशिक आयोजनाहरुको नतिजा व्यवस्थापन
- प्रदेश आवधिक योजनाको नतिजा खाका (अनुसूची)मा उल्लेखित कार्यक्रमहरु
- प्रदेशको कार्यक्षेत्रमा पर्ने अन्य कार्यक्रमहरु

**१७. संघीय मामिला तथा सामान्य प्रशासन**

- स्थानीय शासन तथा सामुदायिक विकास र प्रदेश स्तरका पूर्वाधार निर्माण
- प्रदेश तथा स्थानीय मामिला प्रशिक्षण
- प्रदेश तथा स्थानीय निजामती सेवा र अन्य प्रादेशिक सरकारी सेवाका कर्मचारीको क्षमता विकास, प्रशिक्षण तथा कल्याण
- प्रदेश आवधिक योजनाको नतिजा खाका (अनुसूची)मा उल्लेखित कार्यक्रमहरु
- प्रदेशको कार्यक्षेत्रमा पर्ने अन्य कार्यक्रमहरु।

**१८. कानून, न्याय तथा संसदीय मामिला**

- प्रादेशिक कानून निर्माण, कानूनी शिक्षा सचेतना
- मेलमिलाप र मध्यस्थता
- प्रदेश आवधिक योजनाको नतिजा खाका (अनुसूची)मा उल्लेखित कार्यक्रमहरु
- प्रदेशको कार्यक्षेत्रमा पर्ने अन्य कार्यक्रमहरु।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

**१९. गृह तथा आन्तरिक मामिला**

- प्रदेश शान्ति सुरक्षा, प्रदेश प्रहरी प्रशासन तथा सामुदायिक प्रहरी
- मानव बेचविखन र लागू औषध कारोबार सम्बन्धी सूचना संकलन, विश्लेषण तथा प्रवाह र नियन्त्रण तथा सचेतना
- प्रदेश लोकमार्ग र स्थानीय मार्गमा ट्राफिक व्यवस्थापन
- सेवा प्रवाह र सुशासन, विपद् व्यवस्थापन

**२०. अर्थिक मामिला**

- प्रादेशिक योजना तथा सार्वजनिक वित्त व्यवस्थापन
- संघको सहमतिमा वैदेशिक अनुदान र सहयोग परिचालन
- स्थानीय तहमा वित्त हस्तान्तरण
- लघु बीमा (कृषि, पशु) तथा साना प्रकृतिका अनुदान
- प्रदेश आवधिक योजनाको नतिजा खाका (अनुसूची)मा उल्लेखित कार्यक्रमहरु
- प्रदेशको कार्यक्षेत्रमा पर्ने अन्य कार्यक्रमहरु

**२१. योजना तथा तथ्याङ्क व्यवस्थापन**

- प्रदेशिक योजना तर्जुमा, अनुगमन, मूल्याङ्कन र अनुशिक्षण
- प्रदेश मध्यमकालीन खर्च संरचना
- दिगो विकास लक्ष्यको प्रदेश तहमा आन्तरिकीकरण, कार्यान्वयन तथा समन्वय
- सार्वजनिक नीजि साझेदारी सम्बन्धी प्रादेशिक आयोजना तथा कार्यान्वयन
- प्रदेशिक तथ्याङ्क र अभिलेख सम्बन्धी नीति, आयोजना, संकलन तथा व्यवस्थापन



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची -१४

(दफा ६ को उपदफा (१२) सँग सम्बन्धित)

## आयोजना स्वीकृति आधार र तरिका

१. आयोजना स्वीकृतिको आधार

अधिकार प्राप्त अधिकारीले निम्न सूचना एवं जानकारीको आधारमा मात्र आयोजना वा कार्यक्रम स्वीकृत गर्नुपर्नेछ।

१.१आयोजनाको रूपरेखा

१.१.१आयोजनाको उद्देश्य

१.१.२आयोजनाको क्षेत्र

१.१.३आयोजनाको कार्यान्वयन अवधि

१.२आयोजनाको कुल लागत अनुमान रु.

१.२.१विकास तथा निर्माण लागत

१.२.२सञ्चालन लागत

१.२.३अन्य (अनुदान दिनु पर्ने भए सो खुलाउने)

१.३लागत व्यहोरिने स्रोत

१.३.१ संघ अनुदान

१.३.२ प्रदेश सरकार

१.३.३ आन्तरिक ऋण

१.३.४ वैदेशिक सहायता

क) ऋणः

ख) अनुदानः

१.४आयोजनाबाट प्राप्तहुने प्रतिफल

१.४.१उत्पादन वृद्धिमा पुग्ने सहयोग वा योगदान

१.४.२रोजगारीमा हुने वृद्धि

१.४.३आयोजनाको आन्तरिक प्रतिफल

१.४.४अन्य आर्थिक सामाजिक प्रतिफल

क) आर्थिकः

ख) सामाजिकः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

१.५आयोजनाको आर्थिक विश्लेषण

१.५.१लागत लाभको अनुमानित अनुपात

१.५.२लागत प्रभावकारीताको अनुमान

१.६आयोजना कार्यान्वयन र खर्चतालिका

| वर्ष | प्रमुख कार्य र परिमाण | | | लागत अनुमान | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रमुख कार्य | इकाई | परिमाण | विकास निर्माण | सञ्चालन | अन्य | जम्मा |
| | | | | | | | |

१.७आयोजना कार्यान्वयन गर्न आवश्यक पर्ने जनबल र प्रमुख निर्माण सामग्री

१.७.१आवश्यक पर्ने जनबल

| वर्ष | संख्या |
|---|---|
| | |

` १.७.२निर्माण सामग्री

| वर्ष | निर्माण सामग्री विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| | | | |

१.८ आयोजना सञ्चालन प्रस्तावः

आयोजना चरणको कार्य सम्पन्न भइसकेपछि सञ्चालन अवस्थामा कसरी त्यसको सञ्चालन गरिने हो, सञ्चालन खर्च कति लाग्न सक्दछ र कति आय आर्जन गर्न सकिन्छ वा उपभोक्तालाई हस्तान्तरण कहिले गर्ने सो खुलाउनुपर्दछ।

१.८.१सञ्चालन प्रबन्ध

१.८.२खर्च अनुमानः- कम्तीमा तीन वर्षको लागि

१.८.३उपभोक्तालाई हस्तान्तरण गरिने योजना भए प्रदेश सरकारको सहयोग आवश्यक पर्ने वा नपर्नेः

१.८.४सम्भावित आय आर्जनकम्तीमा तीनवर्षको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची -१५
## (दफा ६ को उपदफा (१४) सँग सम्बन्धित)
## निर्माणाधीन एवम् प्रस्तावित आयोजनाको जिल्लागत विवरण

मन्त्रालयको नामः-

आयोजना/कार्यक्रमको क्षेत्रः-

आ.व.-

| क.सं. | जिल्ला | स्थानीय तहको नाम | निर्माणाधीन/क्रमागत आयोजनाको | | छनौट भएका वा प्रस्तावित आयोजनाको | |
|---|---|---|---|---|---|---|
| | | | संख्या | लागत/ ठेक्का सम्झौता रकम | संख्या | लागत अनुमान |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

पुनश्चः जिल्लागत रुपमा जम्मा आयोजना संख्या र लागत खुल्ने गरी प्रत्येक जिल्लाको विवरण अद्यावधिक रुपमा तयार गर्नुपर्नेछ। आयोजना/कार्यक्रमको क्षेत्र अन्तरगत जस्तै शिक्षा, स्वास्थ्य, सिंचाई, सडक आदि मध्ये कुनै एकवटा क्षेत्र खुलाउनुपर्नेछ। विषय क्षेत्रगत रुपमा अलग अलग फारममा विवरण तयार गर्नुपर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

# अनुसूची -१६

## (दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

## बजेट प्रक्षेपण अनुसार स्रोत बाँडफाटको विश्लेषण ढाँचा

रकम रु. हजारमा

| क्र.सं. | विषय क्षेत्र/ उपक्षेत्रहरु | आवधिक योजनाको बजेट प्रक्षेपण (आगामी आ.व.को लागि) | मध्यमकालीन खर्च संरचनाको बजेट प्रक्षेपण (आगामी आ.व.को लागि) | गत आ.व.को यथार्थ खर्च | चालु आ.व.को विनियोजन | आगामी आ.व.को बजेट सीमा/अनुमान | सम्बन्धित मन्त्रालय/ निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

*नोटः बजेट प्रक्षेपण, खर्च वा विनियोजनलाई स्रोत (प्रदेश सरकार, संघ अनुदान, वैदेशिक सहायता, आन्तरिक ऋण आदि) का आधारमा छुटयाएर विश्लेषण गर्न सकिनेछ।*

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची -१७
(दफा ९ को उपदफा (३) सँग सम्बन्धित)

**विस्तृत आयोजना प्रतिवेदन (Detaild Project Report) को ढाँचा**

१. क्षेत्रगत विश्लेषण
२. आयोजनाको परिचय
३. आयोजनाको विस्तृत अध्ययन, अनुसन्धान तथा सर्वेक्षण
४. विस्तृत इन्जिनियरिङ डिजाईन
५. विस्तृत लागत अनुमान
६. आर्थिक र वित्तीय विश्लेषण
७. वातावरणीय र सामाजिक विश्लेषण
८. विस्तृत वित्तीय योजना
९. विस्तृत कार्ययोजना
१०. विस्तृत खरिद योजना
११. विस्तृत कार्यान्वयन योजना
१२. सञ्चालन तथा मर्मत ढाँचा
१३. जोखिम व्यवस्थापन योजना
१४. अन्य सान्दर्भिक विषयहरु

स्वीकृत मितिः- २०८०/०२/२४

आज्ञाले,
श्यामप्रसाद भण्डारी
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश